## आ.व. ०७५/०७६ - दोश्रो नगरसभामा पेश गरिएको नीति कार्यक्रम तथा वजेट

**मिति २०७५/३/२९**

**यस गरिमामय दोश्रो नगर सभाका सभाध्यक्षज्यू,**

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, सुरक्षाकर्मी, पत्रकार, कर्मचारी तथा स्वयं सेवक महानुभावहरु,**

**आज हलेसी तुवाचुङ नगरपालिकाको दोश्रो नगरसभामा हार्दिक स्वागत गर्दै आर्थिक वर्ष ०७५/०७६ को नीति कार्यक्रम तथा वजेट वक्तव्य यस गरिमामय दोश्रो नगरसभामा पेश गर्दछु ।**

नेपालको राजनैतिक तथा प्रसाशनिक इतिहासमा राज्यको पुर्नसंरचना सहित पहिलो पटक स्थानिय सरकार गठन भएको छ, स्थानिय तहका माध्यम बाट केन्द्रिकित साशन प्रणाली लाई विकेन्द्रित गरि स्थानिय जनतालाई अधिकार सम्पन्न बनाउने विशिष्ट अभ्यास तर्फ हामी अग्रसर छौं ।

हिन्दु, बौद्ध र किरात धर्मालम्बीहरूको आस्थाको केन्द्र विश्व प्रसिद्ध त्रिधार्मिक स्थल हलेसी महादेव अवस्थित हुनुका साथै बाह्रै महिना बगिरहने पवित्र दुई हिमनदीहरू दुधकोशी र सुनकोशीले घेरेको प्राग ऐतिहाँसिक भुगोल हलेसी तुवाचुङ नगरपालिका जातिय, भौगोलिक विविधता र बिषेशताले युक्त साविकका ११ गाविस.को समायोजन बाट गठित धार्मिक, सांस्कृतिक र पर्यटकिय महत्वले विशाल सम्भावना बोकेको नगरपालिका हो । लोकतन्त्रको पुर्णरुपमा जगेर्ना गर्दै यसैको माध्यामबाट समृद्धि शान्ति सुव्यवस्था तथा लोकतान्त्रिक समाजवाद स्थापित गर्ने पथमा छौं ।

मूलुकको ऐतिहासिक राज्य पुर्नसंरचना पश्चात गठित नयाँ नगरपालिका, कर्मचारी तथा पुर्वाधार व्यवस्थापनको अभाव, संघ तथा प्रदेश सभा बाट प्राप्त हुनुपर्ने ऐन तथा नीतिको अपर्याप्तताको बाबजुत न्यायपुर्ण, पुर्वाधार सम्पन्न र आत्मनिर्भर पर्यटन नगरिका रूपमा विकास गर्दै यस नगर लाई सम्वृद्ध बनाउने संकल्पका साथ अल्पकालिन, मध्यमकालिन र दिर्घकालिन नीति तथा कार्यक्रमका साथ नगर वासी समक्ष प्रस्तुत भएको छ ।

***आर्थिक समृद्धिका लागि त्रिधार्मिक नगर ,कृषि विकासको पर्यटन र शिक्षा आधार ,***भन्ने नारा सहित यस ऐतिहासिक दोश्रो नगर सभाको बजेट सार्वजनिकीकरण कार्यक्रममा हाम्रो अनुरोधलाई स्वीकार गरी उपस्थित हुनुहुने सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत गर्दछु ।

मन्त्रालयवाट प्राप्त निर्देशिकाहरू, त्रिवर्षीय योजना र आवधिक योजनाले निर्देशित गरेका लक्ष्यहरूको परिधीभित्र रहदै नगरले प्राप्त गर्ने आयश्रोतको सीमा भित्र रही वार्षिक कार्यक्रमहरू तयार गरी जनताका आवश्यकताहरूलाई सकेसम्म सम्वोधन गर्ने प्रयास गरी आएको कुरा यहाँहरू समक्ष राख्न चाहन्छु ।

**यस गरिमामय दोश्रो नगर सभाका सभाध्यक्षज्यू,**

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

यस हलेसी तुवाचुङ नगरपालिकाले स्थानीय राजनैतिक दलका सदस्यहरू, नागरिक समाजका प्रतिनिधिहरू, टोलवासीहरू, वडावासीहरू, वृद्धिजिवीहरु, स्थानीय संघसंस्थाका प्रतिनिधिहरू, विभिन्न लक्षित वर्गका प्रतिनिधीहरू, सम्बन्धीत एवं सरोकारवाला पक्षहरुको प्रत्यक्ष उपस्थितिमा सहभागितात्मक ढंगबाट माग भई आएका योजनाहरूलाई प्राप्त सल्लाह र सुझाव समेतलाई आत्मसात गर्दै एकीकृत योजना तर्जुमा गोष्ठीमा सघन छलफल गरी नगर सभाबाट दोस्रो वार्षिक बजेट, नीति तथा कार्यक्रम निर्माण गर्ने कार्य गरेको छ । हलेसी तुवाचुङ नगरपालिकाको समग्र विकास कार्यमा देखिएका तथा भोगिएका विधमान समस्या, चुनौति एवं अवसर र संभावनाहरूलाई यस गरिमामय समारोहमा प्रस्तुत गरेर समीक्षात्मक रूपमा अगाडी बढ्न सकिने तथ्यलाई मनन गर्दै त्यस्ता विधमान समस्या, चुनौति एवं अवसर र संभावनाहरू प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**समस्या तथा चुनौतिहरू**

- नगरपालिकालाई जोड्ने सडकहरूको वैज्ञानिक तवरले निर्माण तथा स्तरउन्नति नहुनु ।
- सडक निर्माण गर्नुमात्र विकास गर्नु भन्ने एकोहोरो मानसिकताको विकास बढी हुनु ।
- पर्यटन विकासका लागि आवश्यक न्यूनतम पूर्वाधार तथा गुरूयोजनाको अभाव हुनु ।
- विषयगत कार्यालय, स्थानिय नागरिक र वडा कार्यालय विचको सहकार्य तथा समन्वय नहुनु ।
- विकास निर्माणका योजनाहरूको गुणात्मक बृद्धि भन्दा संख्यात्मक बृद्धितर्फ लाग्ने मनोबृत्तिको विकास हुनु

- ठूलो योजना भन्दा पनि स-साना टुक्रे योजनाको माग बढी हुनु ।
- घरेलु उद्योग तथा लघुउद्यममा दिगोपनाको विकास नहुनु ।
- नगरपालिकाको तीन दिशातर्फ पानी नै पानी भए पनि पिउने पानीको मुहानको अपर्याप्तता हुनु ।
- लैगिंक जातिय एवं समावेशी क्षेत्र पुर्ण रुपमा राज्यको मुल प्रवाहमा समेटी नसकेको ।
- केन्द्रीय विधुत लाइन सबै वडामा पुग्न नसक्नु ।
- करिव १८०० घरधुरीका युवा जनशक्तिको वैदेशिक पलायनले उत्पादनशील जमीन बाँझो अवस्थामा रहनु ।
- आधुनिक प्रविधिहरूको अवलम्वन गर्ने परिपाटीको विकास नहुनु ।
- विभिन्न शिर्षकको बजेट एकमुष्टमा आउने भएकोले जनमानसमा अन्यौलता सिर्जना हुनु ।
- विगत वर्षभन्दा वजेटमा करीव पाँच करोड गिरावत हुनु ।
- प्राविधिक कृषि पद्धतिको अवलम्बन नहुनु ।
- युवाशक्तिलाई रोक्न रोजगारीको अभाव तथा युवाहरु विदेशीन वाध्य हुनु ।
- दीर्घकालिन विकास निर्माण एवं वैज्ञानिक सोचको प्रयोग गर्न खोज्दा चेतना कमी भएको कारण या प्रतिशोधका कारण कार्यमा अवरोध हुनु ।
- तुलनात्मक रूपमा अति न्युन बजेटको अख्तियारी हुनु ।
- नगरपालिकाको आवश्यकता अनुसारको दिगो कृषि र पशुजन्य उत्पादन न्यून हुनु तथा उत्पादित वस्तुको समेत बजारमा पहुँच नहुनु ।
- लागत जनसहभागितामा संचालन हुने आयोजनाहरू कार्यन्वयन हुन नसक्नु ।
- अव्यवस्थित र अनियन्त्रित सडक निर्माण एवं वस्ति निर्माण कार्यले भू-क्षय, पहिरो तथा बोट विरूवाको विनाश बढ्दै जानु र खानेपानीको मुहानहरु सुक्दै जानु ।
- समयमा कार्य आरम्भ गरी निर्धारित समयमा काम सम्पन्न गर्ने परिपाटिको विकास नभई असारे विकासको अवधारणा बढी हुनु ।
- संस्थागत स्मरण शक्ति तथा वडा तथा विषयगत कार्यालयहरुमा अभिलेखिकरणको अभाव हुनु ।

**अवसर तथा संभावनाहरू**

- ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक महत्वका क्षेत्रहरू हलेसी, तुवाचुङ, भुम्जु, होलेसुङको संरक्षण, अर्खौलेको गुप्तेश्वर गुफा, मंगलटारको सत्वेश्वर गुफा, बोद्ध मार्गिको धार्मिक धाम लगायत अन्य ऐतिहासिक स्थानहरुको सम्बर्द्धन र विकासबाट आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षित गरी आर्थिक विकासलाई टेवा पुर्याउन सकिने ।
- नगरपालिकाको अधिकाशं वडालाई मध्ये पहाडी लोकमार्गले समेटेको हुदाँ यातायातको सहजतालाई विकासको आधार मान्न सकिने साथै गाईघाट तथा भित्री मधेशहरुसँग जोड्न रसुवाघाट, राजापानी हलेसी सडक निर्माण गर्न सकिने ।
- नगर क्षेत्रका राजनैतिक दलहरूको बीचमा सहमति र सहकार्यको बातावरण रहेकोले असल विकास मैत्री संस्कृतिको नमूना नगरपलिकाको रूपमा विकास गरी विकासको गतिलाई तिव्रता दिन सकिने ।
- नगरपालिकाको अधिकाशं भू-भागबाट कुनै न कुनै किसिमको उत्पादन लिन सकिने र जमीनको उर्वराशक्तिको हिसाबले केही कृषि तथा वनजन्य वस्तुहरू निर्यात गर्न सकिने ।
- नगरपालिकाको तीन तिर प्रशस्त पानीको उपलव्धता भएकोले जल पर्यटनको अनेकौ संभावना रहेको ।
- नेपाल सरकारले नगरपालिकाको ७ वडालाई साविक गाविस रहेकै अवस्थामा सुख्खा क्षेत्र घोषणा गरेको र काम सुरू गरिसकेको र बाकीँ ४ ओटा वडालाई पनि प्रकृयामा बढाइएको ।
- सबै वडामा मावितहका विद्यालयहरु एवं क्याम्पस समेट भएकाले नयाँ तथा वैज्ञानिक प्रविधिको प्रयोग गरि दक्ष नागरिक उत्पादन गर्न सकिने ।

- सबै वडामा स्वास्थ्यचौकी तथा २४ घण्टे प्रसुति सेवाको सञ्चालन गतवर्ष नगरले गरिसकेकोले आवश्यक प्रविधि एवं दक्ष जनशक्तिको प्रयोग गरी स्वस्थ्यमा अझै सुधार सकिने ।
- अर्गानिक खेती प्रणालीको विकास गरी बजारीकरण गर्न सकिने ।
- नयाँ नगरपालिका भएकोले हरेक कुरा नया ढंगले सुरूवात गर्न सकिने ।
- विकास कार्यमा बढ्दो जनचासो भएकोले कार्यान्वयन पक्षमा दबाब दिन सकिने ।
- मानवीय संशाधनको विकासलाई पूँजीकृत गरी आर्थिक विकासमा रूपान्तरण ल्याउन सकिने साथै विभिन्न सम्भावनाहरुलाई खोजी गरि रोजगारीको सिर्जना गर्ने ।
- समन्द्री सतहदेखि माथिल्लो उचाईसम्मको हावापानी भएकोले बेमौसमी तरकारी, बदाम, खोर्सानि, सुन्तला, स्कूसलगायत अन्या कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन तथा वजारीकरण गर्न सकिने ।
- योजनाबद्ध पर्यटन पूर्वाधार विकास र नगरपालिकाका मुख्य सडक सञ्जाल जस्ता गुरूयोजनाहरूको प्रभावकारी कार्यान्वयन गर्न सकेमा आर्थिक विकासका साथै सबै वडा र अन्य स्थानियतहसम्म सर्वयामी सडक पुर्‍याउन सकिने ।
- बैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिने

यी र यस्तै समस्या, चुनौति, अवसर र संभावनाहरू धेरै छन् ।

**सभाका सभाध्यक्षज्यू,**

अब म आर्थिक वर्ष ०७५/७६ को बजेट तथा कार्यक्रमले प्राथमिकतामा राखेका विषय तथा क्षेत्रहरु प्रस्तुत गर्न चाहान्छु ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
- शान्ति समृधि, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
- गुणस्तरीय तथा प्रविधिमैत्री सिकाइका माध्यामबाट दक्ष नागरीक उत्पादन गर्न,
- स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरु,
- स्वास्थ्यमा पहँच,

**यसै गरी वजेट तर्जुमाका आधारहरु निम्नअनुसार रहेको जानकारी गराउन चाहन्छु ।**

- क्रमागत एवं अधुरा तथा थोरै रकममा मर्मत सम्भार गरि पुनः संचालनमा ल्याउन सकिने योजनाहरु ।
- आवश्यकताको पहिचान एवं सम्बोधन ।
- वडाको जनसख्या तथा भुगोलको अवस्था ।
- नगरस्तरीय योजनाहरु
- सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका लक्षित समुहका मागलाई सम्बोधन गरिने विषयहरू
- स्थानीय स्रोत, साधन, श्रम, शीप र प्रविधि प्रयोग हुने प्रकृतिका तथा तत्काल रोजगार सिर्जना गर्ने एवं आयआर्जनमा बढावा दिने विषयहरू
- प्रतिश्पर्धात्मक एवं तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैरकृषि र सेवा क्षेत्रका कार्यक्रम तथा आयोजनाहरू

- वडाबाट छानिएर आएका योजनाहरु
- वातावरण संरक्षण र सम्वर्दनमा सहयोगी हुने आयोजनाहरू
- स्थानीय निकायको आन्तरिक आय वृद्धि गर्ने कार्यक्रमहरू
- समान प्रकृतिका आयोजनाहरूमध्ये बढी जनसहभागिता एवं लागत सहभागिता जुटाउन सकिने आयोजनाहरू
- शिक्षा, स्वास्थ्य, पोषणसँग सम्बन्धित आयोजनाहरू

**यस गरिमामय दोश्रो नगर सभाका सभाध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

आर्थिक वर्ष ०७५।०७६ को वजेटको मुख्य लक्ष्य समृद्ध नगरपालिका निर्माण गर्नु हो भने उक्त लक्ष्य हासिल गर्न तपसिल बमोजिमको उदेश्य राखिएको छ ।

- विकास योजनाको छनौट, कार्यान्वयन र सञ्चालन तथा उपयोगमा स्थानीय जनताको सहभागितामा वृद्धि गरी विकासलाई जनताले आत्मसाथ गर्न सक्ने तुल्याउने ।
- पूर्वाधार निर्माणलाई केन्द्रित गरेर सबैको साझा संरचना निर्माण गर्न समन्वय गर्ने ।
- अर्थपूर्ण सहभागिताको प्रणालीलाई अवलम्बन गरेर जनमूखी सेवाको आभास दिलाउने ।
- कृषिको व्यवसायीकरण, पर्यटनको विकास, जलश्रोतको उपयोग, जडिवुटीको उत्पादन र लघुउद्यमको विस्तारको माध्यमद्धारा स्वरोजगारको अवसर सृजना गरी आर्थिक समृद्धि हासिल गर्ने ।
- स्थानीय श्रोत र साधनको अधिकतम सदुपयोग गर्दै विभिन्न कार्यक्रमहरू मार्फत नगरपालिकावासीको जीवनस्तर उकास्ने ।
- शिक्षा क्षेत्रमा भएका अपसंस्कृतिहरुको समूल अत्य गरी वैज्ञानिक एवं प्रविधिमैत्री सिकाई मार्फत दक्ष जनशक्ति उत्पादन गरी प्रयोग गर्ने ।
- सम्बन्धित निकायहरुका नीति तथा कानूनलाई आत्मासाथ गरी आवश्यक क्षेत्रमा स्थानिय नीति तथा कानुन निर्माण गरी सुशासन तथा समृद्ध नगर निर्माणमा उन्मुख हुने ।
- स्थानीय विकासलाई दिगो र व्यवस्थित ढंगले कार्यान्वयन गरी अभिलेख चुस्त पार्ने ।
- विभिन्न आधारहरू लिई तर्जुमा भएका कार्यक्रमहरूलाई समय मै प्रारम्भ र समय मै सम्पन्न गरी स्थानीयस्तरमा सेवाको पहुँच वृद्धि गर्दै समातामूलक समाजको निर्माण गर्ने ।
- प्रतिफलयुक्त योजना तथा कार्यक्रमहरूलाई सार्वजनिक निजी, साझेदारी कार्यक्रमका रूपमा विस्तार गरी साझेदारी र अपनत्वको विकास गर्ने ।

यसै क्रममा प्राथमिकताका क्षेत्रहरूलाई निम्नानुसार प्रस्तुत गर्न चाहान्छु ।

- आन्तरिक आयको वृद्धि
- भौतिक पूर्वाधार विकासमा तिव्रता
- पर्यटन पूर्वाधारको विकास
- आधारभुत शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण र सरसफाई
- लक्षितवर्गको क्षमता विकास एवं सशक्तिकरण
- युवा उद्यमीकरण र रोजगारी साथै खेलकुद
- सेवाग्राहीमैत्री विकास प्रशासन र संस्थागत सुशासन
- प्राकृतिक स्रोत र वातारण संरक्षण
- सूचना तथा संचार क्षेत्रको संस्थागत सुदृढीकरण
- भाषा संस्कार संस्कृतिको अभिलेखीकरण
- वालमैत्री स्थानीय शासनको प्रवद्धन, जेष्ठ नागरिक तथा उपांग मैत्री
- कृषि तथा पशुपंक्षी क्षेत्रको व्यवसायीकरण, विविधिकरण, प्रविधिकरण र वजारीकरण

**यस गरिमामय दोश्रो नगर सभाका सभाध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

हलेसी तुवाचुङ नगरपालिकाको दोश्रो नगर सभामा आ.व. २०७४।७५ को नीति, कार्यक्रम तथा बजेटको समिक्षात्मक विवरण तथा आ.व. ०७५/७६ को नीति कार्यक्रम तथा वजेट यहाँहरूको समुपस्थितिमा संक्षिप्त रूपमा सार्वजनिक गर्न पाउँदा मलाई खुशी लागेको छ । प्रथम नगरसभाबाट स्वीकृत नीति, कार्यक्रम तथा अनुमानित आय व्याय विस्तृत विवरण समावेश भएको आ.व. २०७४।७५ र आ.व. ०७५/७६ को वार्षिक नगर विकास योजना तपाई सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि चाँडै प्रकाशन गरि नगरपालिकाले उपलब्ध गराईने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

आ.व.२०७४/७५ मा प्रथम नगरसभाबाट तपशिल बमोजिमको शिर्षकमा रु.४६,६७,२६,३६६।०० ( छयालिस करोड सट्सठ्ठी लाख छब्बिस हजार तीन सय छैसठ्ठी) विनियोजन भएकोमा रु.४३,४२,०७,६५४।००( त्रिचालिस करोड बयालिस लाख सात हजार छ सय चौवन्न) खर्च भएको छ। खर्च विवरण निम्नानुसार प्रस्तुत गर्न चाहन्छु।

| सि.नं. | अनुदान | बजेट | खर्च | बाकि | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अं.ल्या. पुजिगत | ४९१६३६६।०० | ४९१६३६६।०० | ०।०० | १००।०० |
| २ | पुजिगत | १७५१५४२५०।०० | १७०५२५०००।०० | ४६२९२५०।०० | ९७।३६ |
| ३ | चालु | ५८३८४७५०।०० | ४७४६५४४।०० | १०९१९३०६।०० | ८१।३० |
| ३ | सशर्त अनुदान | १६७०६८०००।०० | १६२५२८०००।०० | ४५४००००।०० | ९७।२८ |
| ४ | सामाजिक सुरक्षा बजेट | ५०३८४०००।०० | ४८५४९५००।०० | १८३४५००।०० | ९६।३६ |
| ५ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १४३४०००।०० | १०५९७१०।०० | ३७४२९०।०० | ७३।९० |
| ६ | एलजिसिडिपी | १०६००००।०० | ७०६०००।०० | ३५४०००।०० | ६६।६० |
| ७ | प्रदेश सरकार बाट | १००००००।०० | १००००००।०० | ०।०० | १००।०० |
| ८ | साना सिचाई कार्यक्रम | ६३२५०००।०० | १५०००००।०० | ४८२५०००।०० | २३।७२ |
| | महिला सशक्तीकरण | १००००००।०० | ८७४०००।०० | १२६०००।०० | ८७।४० |
| | जम्मा रकम | ४६६७२६३६६।०० | ४३४२०७६५४।०० | २७६०२३४६।०० | ९३।०३ |

यसै सन्दर्भमा अब म आ.व. २०७४/७५ को यस हलेसी तुवाचुङ नगरपालिकाको विभिन्न क्षेत्रमा भएका उपलब्धीहरू जानकारी गराउन चाहन्छु ।

**स्वस्थ्य**

- नगरस्तरिय अस्पतालको लागि जग्गा प्राप्त भएको तर पास हुने प्रक्रियामा रहेको छ ।
- नगरपालिकाको ११ ओटै वडामा वर्थिङ सेन्टरको स्थापना गरिएको छ ।
- नगर पालिकाको वडा ५ दुर्छिममा मात्र भएको ल्याव सेवा वडा नं. ३ च्यास्मिटारमा पनि स्थापनाका लागि आवश्यक उपकरण व्यवस्था गरिएको छ ।
- ह.तु.न.पा-५ हैदेमा क्षयरोग शिविर गरिएको र ५ ठाउँमा स्वास्थ्य शिविर गरिएको जसबाट ७७८ जनाले चिकित्सकिय सेवा प्राप्त गरेको छ ।
- **गम्भीर रोगको लागि आर्थिक सहयोग कार्यविधि २०७४** निर्माण गरि हालसम्म जम्मा ४६ जनालाई सुविधा प्रदान गरिएको ।
- निशूल्क औषधीमा निरन्तरता दिइरहेको ।
- कर्मचारी व्यवस्थापन गरिएको ।
- स्वास्थ्य स्वयसेवीकाहरुको प्रोत्साहन भत्ता वृद्धि गरि मासिक १००० पुऱ्याइएको छ ।
- विमा स्वास्थ्य कार्यक्रम अर्न्तगत जम्मा लगभग ५०० घरधुरी विमित गरिएको छ ।
- पञ्च कर्म सेवा सुरु गरिएको छ ।

- संस्थागत सुत्केरीहरुको उल्लेखनिय बृद्धि, ३५ प्रतिशतबाट ५४ प्रतिशत पुऱ्याइएको छ ।

**शिक्षा**

- नगर शिक्षा नियमावली २०७४ पास गरिएको छ ।
- शिक्षा नियमावली २०७४ माथि सबै वडामा वि.व्य.स. अध्यक्ष, प्र.अ. शिक्षक अभिभावक संघ अध्यक्ष र वडा अध्यक्ष लगायत सम्पूर्ण सरोकारवालाहरु बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिको लागि नमूना विद्यालय स्थापनाको लागि दुर्छिम मा.वि. दुर्छिम, वुलापन्थे मा.वि. धितुङमा **ICT** कार्यक्रम लगानी गरिएको छ ।
- नगरपालिका क्षेत्रभरिका सम्पुर्ण विद्यालयहरुको प्र.अ.हरुको १ दिने अर्न्तक्रिया कार्यक्रम गरी नगरको शिक्षाको अवस्था र भावी कार्यक्रम बारे छलफल गरिएको छ ।

**समावेशी**

- एकल महिला नगर समन्वय समिति गठन गरिएको २४ जनालाई जिविकोपार्जन कार्यक्रम प्रदान गरिएको
- २२ जना दलितसमुदायका व्यक्तिहरुलाई व्यवसायिक सिलाई कटाई, तामाको भाडा निर्माण र खुकुरीको दाप बनाउने तालिम दिइएको ।
- २ ओटा आमा समूहहरुको भुकम्प प्रतिरोधात्मक भवन निर्माण गरिएको ।
- वडा नं. ७ मा व्यवसायिक पुष्प खेती सुरु गरिएको ।
- पाठेघरको अपरेशन उपचार खर्चको लागि कार्यविधि बनाई सो अनुसार ५ पाँच जनालाई उपचार सेवामा सहयोग गरिएको ।
- दुर्छिम, डिकुवा, राजापानी र बाहनीडाडामा सामुहिक मिल प्रदान गरिएको ।
- उन्नत जातको बाखा ५२ घर परिवारलाई वितरण गरिएको ।
- **CBR** सँग समन्वय गरी अपाङ्ग शिविर संचालन गरि ५९ जनालाई सेवा प्रवाह गरिएको ।
- तरकारी खेतीको लागि १२ जनालाई सहयोग गरिएको ।
- वडा नं. १० मा  वेकरी तालिम गरि बेकरी उत्पादन सुरु गरिएको ।
- वडा नं. ९ मा १५ जना महिलालाई सिलाई कटाई तालिम दिइयो ।
- अपांग समन्वय समिति गठन भएको ।

**सडक**

- नगरस्तरीय तथा वडास्तरीय सडकहरु विभाजन गरि निर्माण गरिएको छ ।
- **भवन निर्माण सम्बन्धी विनियम २०७४** पासगरी सोही अनुसार घरनक्सा पास गर्न सुरुगरिएको छ ।
- ११६.१८ कि.मि. ग्रामिण सडक निर्माण र ६८.७ कि.मि. सडकको स्तरोन्नती गरिएको छ ।
- प्राविधिक स्टिमेटको आधारमा योजना सम्झौत गरिएको र प्राविधिक मुल्याङकनको आधारमा र अनुगमन समितिको सिफारिसमामात्र योजना फरफारक गरिएको छ ।
- अस्थाई वसपार्क, अस्थाई ल्यान्डफिल्ड साइडको निर्माण गरिएको छ ।
- नगर स्तरिय अनुगमन समिति गठन गरिएको छ ।
- प्रत्येक वडामा नगरस्तरिय सडक सञ्चालनमा ल्याइएको ।
- वडागत टोल वस्तीहरुमा जाने ग्रामिण सडक निर्माण सञ्चालन भएको ।
- मध्यपहाडि लोकमार्ग सडक अनुगमन गरी गुणस्तरिय सडक निर्माणमा पहल गरिएको ।

**कृषि तथा पशु**

- पाँच ओटा वडामा कृषि संकलन विन्दुको स्थापना गरिएको छ ।

- **व्यावसायिक उद्यमीहरूलाई अनुदान कार्यविधि २०७४** पास गरि व्यावसायिक पशु तथा कृषि कार्यको लागि २८ जना युवाहरुलाई ऋण तथा अनुदान दिइएको छ ।
- विभिन्न जातका फलफुलहरूको ४५०० विरुवा कृषकहरुलाई वितरण गरिएको ।
- ५० प्रतिशत अनुदानमा प्लास्टिक पोखरी ५० ओटा निर्माण गरिएको
- ५० प्रतिशत अनुदानमा तरकारी प्लास्टिक टनेल ५० ओटा वितरण गरिएको
- साना सिँचाई आयोजना अर्न्तगत १२ ओटा योजना सञ्चालन
- तरकारी प्याकेज प्रदर्शन ७० जनालाई प्रदर्शन गरिएको
- वडा नं. ७ मा  पुष्प खेती र सुन्तला खेती सञ्चालन गरिएको
- वडा नं. १० मा अकवरे खुर्सानी पकेट कार्यक्रम गरिएको
- वडा नं. ३ मा मसला खेती अर्न्तगत बेसार खेती सञ्चालन गरिएको
- वडा नं. ५ मा कृषि हाटबजार सञ्चालन गरिएको
- च्याउ वीउ वितरण कार्यक्रम ५५० प्याकेट
- हर्मेटिक व्याग (अनाज भण्डारण बोरा) वितरण कार्यक्रम ५०० ओटा

**युवातर्फको उपलब्धीहरु**

- ब्रिटिस सेक्यूरिटि सर्भिस प्रा.लि. काठमाडौंसँगको  सहकार्यमा ३० जनालाई सुरक्षागार्ड तालिम सञ्चालन गरेको ।
- युवाहरुलाई कृषि तथा पशुपालनमा आकर्षण गराउन अनुदान सहितको ऋण सहायता गरिएको ।
- **व्यावसायी उद्यमीहरुको अनुदान कार्यविधि २०७४** पास गरी २८ जना युवाहरुलाई पशुपालन तथा कृषि व्यवसायको लागि अनुदान प्रदान गरिएको ।
- फुटबल खेललाई प्रवर्द्धन गर्न उपमेयर गोल्डकप संचालन गरेको साथै विभिन्न ठाउँमा आयोजना भएको खेलमा नगर स्तरीय खेलकुद टिम पठाइएको ।
- दुर्छिममा ३, च्यास्मिटारमा १, सल्लेमा १, अर्खौलेमा १ र राजापानीमा १ गरी जम्मा ७ ओटा खेलकुद मैदान निर्माण गरेको ।
- दित्तेल रुपाकोट मझुवागढी नगरपालिका खोटाङमा भएको दोश्रो हलेसी अर्न्तराष्ट्रिय कराते प्रतियोगितालाई विशेष सहयोग गरिएको ।
- पाँचथरको छथर गाउँपालिकामा भएको प्रथम छथर राष्ट्रिय कराते प्रतियोगितामा हलेसी तुवाचुङ नगरपालिकाको टिमले प्रथम स्थान हासिल गरेको ।
- विभिन्न विद्यालयहरुमा खेलकुद कार्यक्रमहरु गरिएको ।
- सामी परियोजनाको लागि कर्मचारीको व्यवस्थापन गरी वैदेसिक रोजगारमा जाने युवा जनशीक्तहरुको विवरण तथा अवस्थाको बारेमा जानकारी लिइएको छ ।

**विद्युततर्फको उपलब्धी**

- वडा नं. ६ लाई उज्यालो वडा घोषणाको लागि २ करोड वजेट बराबरको विद्युत कार्यक्रम संचालन कार्यन्वयन सुरु गरिएको छ ।
- उच्च क्षमता भएको ट्रान्सफर्मरको व्यावस्था गरिएको ।
- केन्द्रीय प्रसारण लाइन वडा नं. ४ र ५ लाई विद्युत प्राधिकरणसँग सहकार्यमा काम भरहेको ।
- विद्युत महसुल तीर्न वडा नं. ७ मा अस्थाई काउण्टरको व्यवस्था गरिएको ।

**खानेपानी**

- नगर क्षेत्रका विभिन्न उपभोक्ता समितिहरुलाई खानेपानीको लागि मुहान संरक्षण तथा ट्याङकी निर्माण गरी खानेपानीको समस्यालाई न्यूनिकरण गर्ने कोशिस गरिएको छ ।
- नगरपालिका भित्रका विभिन्न वडाहरुमा खानेपानीको लागि करिव ३० हजार मिटर पाइप खरिद गरि आवश्यकताको आधारमा वितरण गरिएको छ ।
- खानेपानेको लागि पाइप खरिद गरि आवश्यकताको आधारमा वितरण गरिएको छ ।
- सुख्खाक्षेत्रको योजना कार्यन्वायनमा तिव्रता प्राप्त गरेको र दोस्रो चरणको टेण्डर समेत स्वकिृत गरिएको ।
- डिप बोरिङ गरी हलेसीमा खानेपानीको समस्यलाई केही हदसम्म समाधान गरिएको ।

अन्या उपलब्धीहरु

- नियम विपरित र सार्वजनिक जग्गा अधिक्रमण गरी बनाइएको संरचनाहरुलाई हटाउन सुरु गरिएको छ ।
- नगरपालिका भित्रको सबै यथार्थ विवरण सहितको प्रविधियुक्त नगरप्रोफाइल निर्माण गर्न पहिलो चरणको काम सञ्चालन भएको ।
- नगरपालिकाको विकास निर्माण सेवालाई प्रभावकारी बनाउन नगरपालिकाले व्याकहोलोडर, ट्याक्टर, पानी ट्याङकर खरिद गरि सञ्चालनमा गरेको ।
- नगरपालिकाले १७ रोपनी जग्गा आफ्नो नाममा ल्याई नगरपालिका भवन बनाउन सुरुगरिएको ।

**यस गरिमामय दोश्रो नगर सभाका सभाध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अब म हलेसी तुवाचुङ नगरपालिकाको आ.व. ०७५/७६ मा सञ्चालन हुने विभिन्न कार्यक्रम तथा योजनाहरुको लागि तर्जुमा गरिएका नीति तथा रणनीतिहरु यो सभामा पेश गर्न चाहान्छु ।

**१ . आर्थिक विकास**

**(क) कृषि तथा पशु- 'कृषिको विकास, गरिविको निकास'**

- ✓ निर्वाहमुखि खेति प्रणालीलाई व्यवसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने तथा उन्नत खालका कृषि विउविजन र उन्नत पशुपालनमा प्रोत्साहन गरिनेछ ।
- ✓ खेती योग्य जमिन वाझो राख्ने प्रवृतिलाई निरुत्साहीत गरिनेछ ।
- ✓ विषादीयुक्त कृषि उत्पादनलाई निरूत्साहीत गर्दै अर्गानिक व्यवसायिक कृषि प्रवर्द्धनमा जोड दिईनेछ ।
- ✓ गोठ सुधार तथा खोर सुधार कार्यक्रम गरिनेछ ।
- ✓ डालेघाँस तथा भुइघाँस उत्पादनमा जोड दिइनेछ ।
- ✓ अर्खौले हाटबजारलाई व्यवस्थापन गरिनेछ ।
- ✓ व्यवसायिक नश्ल सुधारको कार्यक्रम गरिनेछ ।
- ✓ पशुहरुको कृत्रिम गर्भाधारण गर्ने व्यवस्था गरिनेछ ।
- ✓ एक वडा एक पशु उत्पादन कार्यक्रम सन्चालनमा ल्याइनेछ ।
- ✓ आकस्मिक पशुपंक्षी कोष खडा गरिनेछ ।
- ✓ डेरी तथा दुग्धजन्य खाद्य पदार्थ संकलन केन्द्र स्थापना गरी प्रशोधन गर्ने र वितरण गर्ने कार्यलाई अगाढि बढाइनेछ ।
- ✓ नगरपालिकामा विक्रीवितरण गरिने मासु जन्य पदार्थको दर रेट निर्धारण गरिनेछ ।
- ✓ पशु स्वास्थ्य शिविर सन्चालन गरिनेछ
- ✓ नगरपालिकाका अगुवा कृषकहरुलाई अवलोकन भ्रमण गराइने छ ।
- ✓ घरपालुवा जनवारहरुलाई जथाभावी रुपमा खुल्ला नछाडी बाह्रै महिना वन्देज गरिनेछ ।
- ✓ पाच ओटा वडामा कृषि संकलन विन्दुको स्थापना गरिएकोमा थप वडामा पनि संकलन विन्दु स्थापना गरि आवश्यक वजारिकरणको व्यवस्था गरिनेछ ।

- ✓ वडा स्तरीय तथा नगर स्तरीय कृषि संजाल गठन गरी कृषकको समस्या तथा अपेक्षा लाई एकत्रित गरि समन्वयन गर्ने व्यवस्था गरिनेछ ।
- ✓ नगर स्तरीय आर्थिक योजना निर्माण गरि कृषिलाई मुख्य आर्थिक स्रोतको रूपमा विकाश गर्न पहल गरिनेछ ।
- ✓ नगर क्षेत्रमा व्यवस्थित वधशाला स्थापना गरि स्वच्छ, ताजा माछा, मासु तथा अन्य पशुजन्य पदार्थलाई सर्वसुलभ रूपले विक्री वितरण तथा मासुजन्य पदार्थमा आत्मनिर्भर हुने व्यवस्था मिलाईनेछ ।
- ✓ वेरोजगारि तथा युवा पलायनको समस्यालाई मध्यनजर गर्दै कृषि तथा पशुपालन क्षेत्रमा उद्यमशिलता सृजना गर्न **व्यावसायिक उद्यमीहरुलाई अनुदान कार्यविधि २०७४** पास गरिएको र सोही कार्यविधि अनुसार विना धितो अनुदान तथा ऋण उपलब्ध गराईएको मा त्यसलाई निरन्तरता दिइनेछ ।
- ✓ कृषि तथा पशुपालन पर्वद्धनका लागि व्यवसायीक अगुवा कृषक सहयोग कार्यक्रम संचालन र कृषि अनुसन्धान तथा परामर्श श्रोत केन्द्रको स्थापना गरिनेछ ।
- ✓ नगर क्षेत्रमा कृषिलाई प्रवद्धन गर्नकोलागी कृषि पाठशाला स्थापना गरिनेछ ।
- ✓ कृषिलाई पर्यटन संग जोडन कृषि सडकको निर्माण तथा कृषि प्रर्दशनि मेला आयोजना गरि उत्कृष्ट कृषक तथा कृषक समुहलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- ✓ कृषिजन्य उत्पादन तथा पशुजन्य उत्पादनलाई विस्तार र उपभोग तथा उपलब्धतामा सहजता ल्याउन प्रत्येक वडामा हाट बजारलाई व्यवस्थित गर्ने नीति वनाइनेछ ।
- ✓ सार्वजनिक निजी साझेदारीमा नगरपालिका क्षेत्रमा शीत भण्डार स्थापना गर्न पहल गरिनेछ ।
- ✓ कृषि पकेट क्षेत्रलाई आधार लिई एकीकृत रूपमा सुविधा विस्तार गरि नगरको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सम्वन्धित निकायहरू संग कार्यक्रम संचालन गरिनेछ ।

**(ख) पर्यटन - 'पर्यटकीय सहर, हलेसी तुवाचुङ नगर'**

- ✓ हलेसी तुवाचुङ नगरपालिकालाई पर्यटकीय दृष्टिकोणले विश्वकै आकर्षक गन्तव्य वनाउनका लागी किरात, हिन्दु, बौद्ध धर्मालम्वीहरूको पवित्र त्रिधार्मिक स्थल हलेसीको सांस्कृतिक, धर्मिक तथा ऐतिहासीक महत्वलाई संरक्षण र प्रर्वद्धन गर्ने गरी हलेसी बृहतर गुरूयोजना निर्माणको प्रकृयालाई यसै बर्ष सम्पन्न गरि कार्यान्वयन प्रक्रियामा लगिनेछ ।
- ✓ हलेसी मन्दिर परिचालन र व्यावस्थापन नगरपालिकाले गर्नेछ ।
- ✓ परापुर्वकालदेखि हलेसी महादेवको नित्य नैतित्य पुजा गर्न प्रचलनलाई प्रभावकारी बनाउदै निरन्तरता दिइनेछ ।
- ✓ हलेसी महादेवको मन्दिरमा आरती पुजा सञ्चालन गरिनेछ । आवश्यकता अनुसार ब्रामण्डको व्यावस्था गरिनेछ ।
- ✓ हलेसी मदिन्रको संरक्षण सम्बर्द्धन गर्न कृयाशिल संघ सख्याहरू मन्दिर समिति विकास समितिलाई नगरपालिका प्रति उतरदायी बनाइनेछ ।
- ✓ हलेसी मन्दिर परिसरमा सञ्चालनार्थ रहेको डोरा माला कुम्भ बत्ती, फोटो खिच्ने आदि कार्य नगरपालिकाले आफै गर्नेछ वा नगरपालिकाले निर्माण गरेको मापदण्ड अनुसार सञ्चालनमा ल्याइनेछ ।
- ✓ धार्मिक एवं पर्यटकीय क्षेत्रहरु जस्तै हलेसी महादेव, वसाहा थान, ककनी, मञ्जुश्री, सप्तेश्वर गुप्तेश्वर ताराखसे जस्ता धार्मिक तथा पर्यटकिय क्षेत्रहरुमा आफुखशी धोजा पटेका लुङडार राख्ने कार्यले धार्मिक एवं पर्यटकिय सुन्दरतामा खलबल पुग्न गएका हुदाँ अव उप्रान्त नगरपालिका क्षेत्र भित्र नगरपालिकाले निर्माण गरेको मापदण्ड अनुसार आवश्यक सुल्क लिई त्यस्को वेवस्था मिलाइनेछ ।
- ✓ यस नगरपालिका धार्मिक एवं पर्यटकिय क्षेत्र भित्र नगरपालिकाले कार्यपालिकाको निर्णयअनुसार सुल्क लिन सक्नेछ ।
- ✓ हलेसीमा सञ्चालित टेली सेन्टर सूचना केन्द्रमा परिणत गरि सूचना केन्द्र स्थापना गरिनेछ ।

- ✓ हलेसी मन्दिरको मुख्य भाग शिव लिङ्ग वरिपरिको घेराबारा साथै प्रवेश गर्ने सिढी जिर्ण भएको हुनाले उक्त स्थानहरुको जिर्णद्धारको लागि यस नगरले पर्यटन मन्त्रालय र पुरातत्व विभागसँग भएको निर्णयअनुसार पुरातात्यिक हिसाव संरचना निर्माण गरिनेछ ।
- ✓ हलेसी क्षेत्र वृहत गुरुयोजना निर्माण गरी **DPR** तयार गरी सोही अनुसारको संरचना निर्माण गरिनेछ ।
- ✓ ऐतिहासिक एवं पुरातात्विक स्थानहरुको इतिहास, सस्कृति र पहिचानको आधारमा आधिकारिक दस्तावेज निर्माण गरिनेछ ।
- ✓ हलेसी विकास समितिद्धारा निर्माण गरिएको गुरुयोजना सहभागितामुलक नभएको, धार्मिक, सास्कृतिक पर्यटकिय एवं पर्यटकिय पक्षहरुको आवश्यक अध्ययन एवं छलफल नगरी बनेको हुनाले समय सापेक्ष नदेखिएको हुँदा उक्त गुरुयोजना यस नगरसभाले खारेज गरि नयाँ गुरुयोजना बनाउनेछ ।
- ✓ हलेसी महादेवस्थानको साविक वडाहरु ४, ५, ७ र ८ का जग्घाहरु हलेश्वोर महादेव गुठीको नाममा रहेको, जग्घा धनिहरुले विक्री वितरण वा व्यापार व्यावसाय गर्न धितो बन्दकी राख्न समस्या भएको हुनाले हलेसी मन्दिरको नाममा भएको जग्घाहरु गुरुयोजना निर्माणको लागि आवश्यक पर्ने जग्घा लिएर बाँकी जग्घा रहेको कुन प्रकृतिको हो ? मन्दिरको नाममा कायम हुने हो वा होइन व्यक्तिले आफ्नो सम्पत्तिको हक भोग बमोजिम भाग चलन गर्न पाउने हो, होइन एकिन गरी धेरै लामो समयदेखि भएको अन्योलता हटाउन सम्बन्धित निकायसँग पहल गरिनेछ ।
- ✓ यस हलेसी मन्दिरको नाममा भएको चल अचल सम्पत्तिको खोजी गरी मन्दिरको नाममा कायम गरिनेछ ।
- ✓ हलेसी क्षेत्रको प्रथम कविला होलेसुङको सम्मानमा होलेसुङ पार्क निर्माणको चरण लाई तिब्र गति प्रदान गरी पर्यटन पर्वद्धन तथा विकाश गरिनेछ ।
- ✓ हलेसी महादेव लगायत सबै धर्मिक सांस्कृतिक, पर्यटकीय स्थलहरूबाट प्राप्त आम्दानी लाई नगरपालिकाको प्रमुख श्रोतको रूपमा लिईनेछ ।
- ✓ पर्यटन प्रवद्धनको लागि नगरपालिका भित्र उचित स्थानको पहिचान गरि हेलिप्याडको निर्माण गरिनेछ ।
- ✓ पर्यटन प्रवद्धनको लागि बृहत प्रथम हलेसी महोत्सवको आयोजना गरिनेछ ।
- ✓ नगरपालिकाको स्थानिय भाषा, लोक संस्कृतिको संरक्षण तथा सम्वद्धनमा स्थानिय महिला समूह तथा स्वयंशेवी युवा क्लवहरूलाई परिचालन गरिनेछ साथै युवाहरूलाई दोभासे र पर्यटक गईड सम्बन्धि तालिमको ब्यवस्था गरिनेछ ।
- ✓ हलेसी तुवाचुङ नगरपालिकालाई पर्यटकीय दृष्टिकोणले विश्वकै आकर्षक गन्तव्य वनाउनका लागी प्राकृतिक सौन्दर्य, विशिष्टता, सामाजिक वैभव, पौराणिक, किरात, हिन्दु, बौद्ध धर्मालम्वीहरूको पवित्र त्रिधार्मिक स्थल हलेसीको सांस्कृतिक, धर्मिक तथा ऐतिहासीक महत्वलाई संरक्षण र प्रर्वद्धन गर्ने गरी हलेसी महोत्सवको आयोजना गरिनेछ ।
- ✓ हलेसी महादेव मन्दिरको सौन्दर्यतालाई कायम राख्दै डोरामाला लुङदो र कुम्भ वत्तिहरूको उचित स्थानको पहिचान गरि ब्यवस्थापन गरिनेछ ।
- ✓ किराँत राई समुदायको उद्गम स्थल तुवाचुङलाई सांस्कृतिक पार्कको रूपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
- ✓ पर्यटन पर्वद्धनको लागि खुल्ला चिडियाखाना, समावेसी संग्राहालयको संभाब्यता अध्यायन गरिनेछ ।
- ✓ हलेसीको मारातिका गुम्बा संचालक समिति संग समन्वय गरि बौद्ध धर्म सम्वन्धि कार्यक्रम संचालन गरिनेछ
- ✓ दुधकोशी वाट सुनकोशीको र्‍याफ्टीङ र अल्ट्रा र्‍याफ्टीङ, जोड्तीघाट हुँदै भुंम्जु, मंगलटार, होलेसुङ, हलेसी, तुवाचुङ हुदै राजापानी सम्मको ट्रेकिङ, हलेसी वाट तुवाचुङ सम्मको हाईकिङको सम्भाव्यता अध्यायन गरि पर्यटन पर्वद्धनमा विषेश ध्यान दिईनेछ ।

- ✓ पर्यटकहरूको आकर्शणको लागी स्थानिय सामाग्री वाट निर्मित सामाग्रीहरू झल्कने गरि भोजन गृह, होम स्टे, स्थानिय गाईड, भ्यू टावर,भ्यू पईन्ट, सूचना केन्द तथा मनोरञ्जन पार्कहरूको व्यवस्था गरिनेछ ।
- ✓ पर्यटन प्रवर्द्धनको लागि नगरका महादेव गुफा, बसाहा गुफा, होलेसुङ गढी, तुवाचुङ डाँडा, भुम्जु डाँडा, खोचेलिपा पोखरी, नागथान, भैरव गुफा, ककनी, गुप्तेश्वर गुफा, सप्तेश्वर गुफा, ताराखसे भञ्ज्याङ गुरूधुम, दुङदेलो, सल्लेपोखरी, राजापानी गढी, च्यास्मीटार गढी, सुत्केरी ढुंङगा, थामेपोखरी जस्ता प्रमुख पर्यटकीय स्थलहरूको हलेसी महादेव मन्दिर संगै पूर्वाधार विकासमा लगानी गरिनेछ ।
- ✓ स्थानिय सिप तथा स्रोत बाट निर्मित हस्तकला, मुर्तिकला र चित्रकलाका सामाग्रीहरू सहितको कोशेली घर निर्माण गरि पर्यटन प्रवद्धनमा सघाउ पुऱ्याईनेछ ।

**ग) उधोग एवं बाणिज्य** :

- ✓ नगरका व्यवसायीहरुलाई लघु तथा साना उधोग स्थापनार्थ लगानि मैत्रि वातावरणको सृजना गरिनेछ ।
- ✓ संचालनमा रहेका साना उधोगहरुलाई नगरपालिकामा दर्ता गराई व्यबसायीक वनाउन पहल गरिनेछ ।
- ✓ स्थानिय स्रोत, भुगोल र उधमशिलताको पहिचान गरि उधोगहरुको व्यबस्थापन गरिनेछ ।
- ✓ वातावरण मैत्री ढंगले खानि तथा खनिज पदार्थमा आधारित उधोगलाई प्रोत्साहित गरिनेछ ।

**घ) सहकारी :**

- ✓ सहकारी ऐन २०७४ अनुसार नगर सहकारी ऐन तथा नियमावलि निर्माण गरि दर्ता प्रक्रिया अगाडि बढाईनेछ ।
- ✓ विभिन्न संघ संस्था तथा दातृ निकायद्धारा अनौपचारीक रुपमा संचालन भएका सहकारी संस्थाहरुको अध्ययन अनुसन्धान गरि व्यवस्थापन गरिनेछ ।
- ✓ साविकमा सहकारी डिभिजनमा दर्ता भई आएका यस नगरपालिकाका २४ वटा सहकारी संस्थालाई नियमन, अनुगमन र प्रशिक्षण जस्ता कार्यक्रम सम्बन्धित शाखाको नेतृत्वमा गरिनेछ ।

**२. सामाजिक विकास**

**(क) खानेपानी तथा सरसफाई**

- ✓ हलेसी तुवाचुङ नगरपालिका खुल्ला दिशामुक्त घोषणा भई सकेको र चालु आ.व. भित्र नै यस नगरपालिकालाई पूर्ण सरसफाइ नगर बनाउनको लागि कार्यक्रमहरू सञ्चालन गर्ने निति लिइनेछ ।
- ✓ नेपाल सरकार यस नगरपालिकाको ७ वटा वडा कमशः १,२,३,४,५,६ र ७ लाई सुख्खा क्षेत्र घोषणा पहिल्यै गरेको र नगर सभाको पहिलो साधारण वैठकले अन्य ४ वटा वडा क्रमशः ८,९,१० र ११ लाई पनि सुख्खा क्षेत्रमा समावेश गर्ने निर्णय गरेको र पहिलो चरणको काम शुरू भैसकेको हुँदा सोहि अनुसार खानेपानी उपलब्धताको कार्यक्रम तथा योजनालाई अगाडि वढाईनेछ ।
- ✓ नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइड निर्माण गर्न निशुल्क रूपमा जग्गा प्राप्त भइसककोले र सार्वजनिक निजी साझेदारी नीति अख्तियारी गरी फोहोर व्यवस्थापन गरिने छ ।
- ✓ खानेपानी मुहान संरक्षण तथा प्लास्टीक पोखरी निर्माण गर्ने र आकाशेपानी संकलन कार्यक्रम लाई उच्च प्राथमिकतामा राखिनेछ ।
- ✓ खानेपानी तथा सिंचाई लगायत लिफ्टीङ, डिपबोरिङ, रिर्चाजएवल पोखरीको लागी सम्भाब्यता अध्यायन गरी आवश्यक वजेट विनियोजन गरिनेछ ।
- ✓ उद्योग वाणिज्य संघ, गैर सरकारी संस्थाहरूसंग सहकार्य गरी सरसफाईसम्बन्धी व्यवहार परिवर्तन गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ विनाशकारी भुकम्पको कारणले खानेपानीका मुहानहरू सुक्ने तथा स्थानान्तरण हुने समस्याले यो नगरपालिका पनि अछुतो रहन सकेन । तशर्थ खानेपानीको मुहान संरक्षण गर्न र नगरवासिलाई स्वस्थ खानेपानी उपलब्ध गराउन खानेपानी आयोजनालाई उच्च प्राथमिकतामा राखिनेछ ।
- ✓ पौराणिक पेशालाई आधुनिक प्रविधिमार्फत व्यवसायीकरण गरिने छ ।

- ✓ हिंसा पिडितहरुलाई सुरक्षित आश्रम स्थल निर्माण गरी पिडितहरुलाई सामान्य खालको राहतको अध्यास गरियो ।

**(ख) शिक्षा**

- ✓ हलेसी तुवाचुङ नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिसकिएको अवस्थामा राष्ट्रिय पूर्ण साक्षरता अभियानलाई उपलब्धिमुलक बनाउन शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा क्षेत्रमा क्रियाशिल गै.स.स. हरूसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मुल्याङकन पद्वतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ ।
- ✓ नगर क्षेत्रमा नमूना विद्यालय, पर्यटन विधालय  तथा प्राविधिक विद्यालयको स्थापना गरि यस नगरपालिकाको छुट्टै पहिचान निर्माण गरिनेछ ।
- ✓ यस नगरपालिकामा सबै विषयहरूको अध्ययन अध्यापन हुने खालको उच्च स्तरिय बहुमूखी क्यम्पसको स्थापना गर्न आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।
- ✓ नगरपालिकालाई त्रिभाषिक नीतिमा लैजान किराती समूदाय अन्तर्गत चाम्लिङ भाषामा अध्ययन अध्यापन गराउन सुरू गरिनेछ र क्रमिक रूपमा अन्य भाषालाई पनि प्राथमिकतामा राखिनेछ ।
- ✓ साहित्यकार विश्वेश्वर प्रसाद कोइरालाको सम्मानमा नगर स्तरिय वि.पि. कोइराला पुस्तकालय स्थापना गरिनुका साथै एक विद्यालय एक पुस्तकालय नीतिलाई अवलम्वन गरिनेछ ।
- ✓ सरकारद्धारा जारी गरिएको संस्थागत विद्यालय शुल्क मापदण्ड निर्देशिका ०७२ को पुर्न रुपमा कार्यान्वयन एवं सार्वजनिक विद्यालयको स्तर उन्नती गराइने ।
- ✓ प्रत्येक विद्यालयमा विषयगत शिक्षकहरुको व्यवस्था मिलाइनेछ ।
- ✓ नगरपालिका क्षेत्रमा बालबालिकालाई लक्षित गर्दै खेलकुद विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- ✓ सामूदायिक विद्यालयको विधार्थीहरूको क्षमता विकासको लागि, खानेपानी तथा शौचालयको लागि, कक्षा कोठा व्यवस्थापनको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ र क्रमागत रूपमा कार्यक्रम संचालन गरिइनेछ ।
- ✓ नगर क्षेत्रमा रहेका बालविकास केन्द्रहरूको भौतिक पुर्वाधार विकास तथा स्तरोन्नतिको लागि शिक्षा विकास तथा समन्वय इकाई, तथा सम्बन्धित निकायसँग समन्वय गरी काम गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- ✓ नगरक्षेत्रका विद्यालयहरुमा कायम रहेका नीजि शिक्षकहरुलाई आवश्यकताको आधारमा व्यवस्थापन र समायोजन गरिनेछ ।
- ✓ विद्यार्थी संख्या र शिक्षक दरबन्दिलाई पुनरावलोकन गरी विद्यालयहरु मर्ज गर्न, स्थानान्तरण गर्न तथा कक्षा थप गर्ने नीति अपनाइनेछ ।
- ✓ परीक्षा प्रणालीलाई व्यवस्थित र मर्यादित बनाउन कक्षा ५ देखि माथिका सवै कक्षाका प्रश्न पत्र निर्माण र उत्तरपुस्तिका जाँचलाई अन्तर विद्यालय प्रणाली लागू गरिनेछ ।
- ✓ प्रत्येक आर्थिक वर्षका **SEE** परिक्षामा उत्कृष्ट हुने छात्र र छात्रालाई उत्कृष्ट विद्यार्थी पुरस्कारको व्यवस्था गरिनेछ ।
- ✓ शिक्षा विकास तथा समन्वय इकाई तथा अन्य निकायबाट प्राप्त अनुदानले निर्मित विद्यालय लगायत अन्य भौतिक संचालनहरुको अनुगमन तथा सिफारिस शिक्षा नियमावली अनुसार गरिनेछ ।
- ✓ प्रध्यानाध्यापक तथा शिक्षकहरुलाई व्यवस्थापन अध्यापन शैली तथा कम्प्यूटर र लेखा लगायतका विषयमा तालिम दिइनेछ ।
- ✓ नीजि विद्यालयलाई विद्यालयको भौतिक संरचना, भर्ना शुल्क, तथा नगर शिक्षा नियमावलीले तोकेको मापदण्डको आधारमा स्थापना गर्ने, सञ्चालन गर्ने, कक्षा थपको व्यवस्था गरिनेछ ।

- ✓ प्रत्येक विद्यालयको विद्यार्थीको क्षमता तथा प्रतिभाहरुलाई उजागर गर्न साप्ताहिक तथा मासिक रुपमा अतिरिक्त क्रियाकलाप अनिवार्य संचालन गर्ने नीति लिइनेछ ।

**(ग) स्वास्थ्य**

- ✓ नगरपालिका भित्र २५ सैयाको सुविधा सम्पन्न अस्पताल स्थापनाको लागी आवश्यकता र आधारमा स्थान छनौट गरी प्रकृया अगाडी वढाईनेछ ।
- ✓ गाउँघर क्लिनिक मार्फत नगरपालिकाका कुना कुना सम्म स्वास्थ्य सेवा पुऱ्याईनेछ ।
- ✓ गुणस्तरिय र सुरक्षित प्रसूति सेवा प्रदान गर्न प्रत्येक वडामा २४ घण्टे प्रसूति सेवा केन्द्र स्थापना भईसकेकोले आवश्यक व्यावस्थापन गरिने छ ।
- ✓ नगरपालिकाको प्रत्येक वडालाई पूर्ण गर्भ जाँच वडा सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ
- ✓ गुणस्तरीय स्वास्थ्य सेवालाई मूल मन्त्र वनाउँदै ल्याव सेवा लाई क्रमशः प्रत्येक वडामा विस्तार गरिदै लगिनेछ ।
- ✓ पूर्णखोप कार्यक्रमलाई निरन्तरता दिन वाहृय खोप क्लिनिक भवन निर्माण प्रकृया अगाडि वढाईनेछ ।
- ✓ सानो सुखि परिवार सम्मुन्नत जीवनको आधार नारालाई आत्मसात गर्दै परिवार नियोजन घुम्ति शिविर संचालन गरिनेछ ।
- ✓ यातायातको सुविधा पुगेका वडाहरूमा क्रमशः एम्वुलेन्स सेवाको निम्ति दातृ संस्थाहरूसंग माग गर्न आवश्यक पहल गरिनेछ
- ✓ अनाधिकृत औषधी विक्री वितरण गर्ने कार्यलाई नियमन गरिनेछ ।
- ✓ शहरी स्वास्थ्य इकाईहरू क्रमशः विस्तार गरिनेछ ।
- ✓ नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाइनेछ ।
- ✓ राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत तथा नराम्रो काम गर्नेलाई दण्डको व्यवस्था गरिनेछ ।
- ✓ महिला स्वास्थ्य स्वयं सेविकाहरूको सेवालाई मूल्याङ्कन गरी प्रोत्साहन भत्तामा समय सापेक्ष वृद्धि गरिदै लगिनेछ ।
- ✓ महिलाहरूको प्रजनन् अधिकार सुनिश्चित गर्न गर्भपतन सेवालाई प्रभावकारी तथा गुणस्तरीय वनाईदै लगिनेछ
- ✓ पाठेघर खसेका महिलाहरूको उपचारको लागि नगरपालिकाबाट आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।
- ✓ जेष्ठ नागरिक वृद्ध वृद्धा तथा अपाङ्गहरूको लागी स्वास्थ्य संस्थाहरूमा क्रमशः अपाङ्ग मैत्री वातावरण निर्माण गरिदै लगिनेछ ।
- ✓ विरामीहरूको उपचारार्थ सहयोगको लागि एम्बुलेन्सको खरिद गरिनेछ ।

**❖ आयुर्वेद स्वास्थ्य नीति**

- ✓ हाल यस हलेसी आयुर्वेद औषधालयमा विस्तार भई संचालनमा रहेको पंचकर्म सेवा लाई अझ प्रभावकारी बनाउनको लागि १ जना पंचकर्म विषेशज्ञको दरवन्दीको लागि सम्बन्धित निकायमा माग गरिनेछ साथै रोगको पहिचान गर्नको लागि अति आवश्यक ल्यावको स्थापना सहित सबै सेवाहरु सुचारु गरिने छ ।
- ✓ हालको आयुर्वेद औषधालय लाई नगर स्तरीय नगर आयुर्वेद अस्पतालको रूपमा स्थापना गर्नको लागी आवश्यक प्रकृया अगाडि वढाईनेछ ।
- ✓ यस नगरपालिकाका अन्य वडाहरुमा आयुर्वेद औषधालयको स्थापनाको लागि सम्बन्धित विभागमा माग गरिनेछ साथै हाल आयुर्वेद चिकित्साको पहुँच नपुगेका वडाहरुमा यस औषधालय बाट गाउँघर क्लिनिक संचालन गरि विरामीहरुको निःशूल्क उपचार गर्ने ब्यबस्था मिलाईनेछ ।

- ✓ आयुर्वेद औषधालय परिशरमा जडिबुटी उद्यान लगाउने तथा स्थानिय परम्परागत स्वस्थ्य कार्यकर्ता धामी, झांक्रि, महिला स्वयंशेविका तथा समाजिक कार्यकर्ताहरुलाई जडिबुटीको उत्पादन, संरक्षण, प्रवद्धनका साथै त्यसको आयुर्वेद चिकित्सामा अधिकाधिक प्रयोगबारे तालिमको आयोजना गरिनेछ ।
- ✓ यस नगरपालिकाको उपयुक्त ठाउँ छनौट गरि जडिबुटी नर्सरी उत्पादन गरिनेछ जसमा कुरीलो, टिमुर, अमला, घिउकुमारी, असुरो आदिको विरुवा उत्पादन तथा बेचविखनको व्यवस्था मिलाईनेछ
- ✓ यस नगरपालिकाका अग्रज किसानहरुलाई जडिबुटी खेती सम्बन्धि तालिम दिने तथा जडिबुटी खेतीको प्रत्यक्ष अवलोकन भ्रमण गराई यसको खेती तर्फ प्रोत्साहन गरि प्रत्येक वडामा ब्यवसायीक जडिबुटी उद्यान संचालन गर्ने ।
- ✓ नगरमा उत्पादित जडिवुटीहरुलाई जडिबुटी संकलन तथा प्रशोधन केन्द्र यसै नगरपालिकामा स्थापना गरेर संकलित जडिबुटीहरु नेपालका प्रतिष्ठीत आयुर्वेदिक औषधि बनाउने सरकारी तथा गैर सरकारी कम्पनिहरु, जडिबुटी संकलन केन्द्र, जडिबुटी ब्यापारी, लाई बेचविखन गरि मनग्गे आम्दानिको श्रोत जडिबुटीलाई बनाउने ।
- ✓ स्थानिय जडिबुटीहरुको लागत तथा हर्वेरियम तयार गरिनेछ ।
- ✓ जडिबुटीको उत्पादनमा नेपालकै नमुना नगरपालिका बनाउन आवश्यक निति, नियम तथा योजना तर्जुमा गरी अगाडि बढाईनेछ ।
- ✓ नगरपालिकाका माध्यमिक तहमा अध्यायनरत विधार्थीहरुलाई आयुर्वेद सम्बन्धि विभिन्न विषयहरु पठनपाठन गर्नको लागि नेपाल सरकारले निर्माण गरेको पाठ्यक्रम अनुसार ऐक्षिक विषयमा आयुर्बेद विषय समाबेश गरि अध्यायन अध्यापनको ब्यवस्था मिलाईने छ ।
- ✓ आयुर्वेदिक जडिबुटीहरुको खेती, प्रर्बद्धन तथा प्रयोग प्रविधिका विज्ञहरु एवं सरकारी गैर सरकारी आयुर्वेद औषधि कम्पनीहरु र अन्य सम्बद्ध अनुसन्धान संस्थाहरुसंग समन्वय राखिनेछ ।

**(घ) लक्षित वर्ग तथा समावेशिकरण**

- ✓ लक्षित समूह कार्यक्रमअन्तर्गत महिला विरूद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हकहित संरक्षण तथा सीप विकास कार्यक्रम, मनोसामाजिक विमर्श कार्यक्रम, गृहिणी महिलाको लागि वातावरण मैत्रि सचेतना कार्यक्रम जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ लक्षित वर्ग तथा सामाजिक समावेशिकरणतर्फ सामाजिक परिचालनको माध्यमद्वारा लक्षित समूहलाई सशक्तीकरण गरि नगरपालिकामा मागमा आधारित कार्यक्रम तयार गरी अझ प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- ✓ आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गरिनेछ ।
- ✓ नगरपालिकामा बालमैत्री स्थानीय शासन लागू गर्नका लागि बालश्रम उन्मुलन, बाल विवाह, बाल हिंसा उन्मुलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडि बढाईने छ ।
- ✓ नगरस्तरीय आदिवासी जनजाति समन्वय समिति, महिला समन्वय समिति, दलित समन्वय समिति, अपाङ्ग समन्वय समिति, एकल महिला समन्वय समिति तथा बाल क्लव समन्वय समिति को गठन गरि उपयुक्त कार्यक्रमहरू संचालन गरिनेछ ।
- ✓ ५० वर्ष मुनिका एकल महिलाहरूलाई आयआर्जन तथा शिप विकास तालिमको व्यवस्था गरिनेछ ।
- ✓ २५ नोभेम्वर देखि १० डिसेम्वर सम्मको १६ दिन महिला हिंसा विरूद्धको रूपमा विभिन्न कार्यक्रमहरूको साथ दिवश मनाईनेछ ।
- ✓ ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम आयोजना गर्नका साथै ज्येष्ठ नागरिक सामूदायिक भवन निर्माण स्थापनाको लागी आवश्यक सहयोग पुऱ्याइनेछ ।

- ✓ सामाजिक सुरक्षा भत्ता वितरणलाई थप व्यवस्थित गर्न वैज्ञानिक रूपमा लागत अध्यावधिक गर्दै बैंकिङ क्षेत्रमा बैक प्रणालिबाट नभएको स्थानमा घर घरमा वितरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- ✓ दलित तथा अपाङ्गहरूलाई विविध विषयमा सीपमूलक तालिमको व्यवस्था गरी क्षमता विकासमा जोड दिईनेछ ।
- ✓ वालबालिकाहरूको मनोरन्जनको लागि चिल्ड्रेन पार्कको निर्माण गरिनेछ ।
- ✓ नगर क्षेत्र भित्र कार्यरत महिला स्वास्थ्य स्वयम्सेविकाहरूको क्षमता विकासका कार्यक्रमहरू संचालन गरिने छ ।
- ✓ कम्तीमा ४ वटा वडामा महिला विकास सहकारी संस्था लिमिटेड स्थापना गरिनेछ ।
- ✓ बालविवाह न्युनकिरणमा आव ०७५/७६ मा प्रमुख भुमिका निर्वाह गर्नेछ ।
- ✓ बालबालिकालाई कुनै पनि बालश्रम तथा अपहरण हुन नदिन जनचेतना अभिवृद्दि गराइनेछ
- ✓ महिला सशक्तिकरण गरि महिलाको क्षमता विकासमा जोड दिइनेछ साथै आर्थिक सामाजिक मनोवैज्ञानिक रुपमा महिलालाई सबल बनाइनेछ ।
- ✓ हिंसा पिडित महिला र अति विपन्न बालबालिकालाई आर्थिक सहयोग प्रदान गरिनेछ ।
- ✓ बालमैत्री वडा स्थापना गर्न पहल गरिनेछ ।
- ✓ महिला. हिंसामुक्त वडा र नगर स्थापनाको लागि विशेष पहल गरिनेछ ।
- ✓ एकल महिलाहरुलाई जीविकोपार्जन गर्न उपयोगी विभिन्न कार्यक्रम आयोजना गरिनेछ ।
- ✓ ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरि सार्वजनिक यातायात र सरकारी अस्पतालमा ५० प्रतिशत भन्दा माथी छुटको सहुलियत प्रदानमा सहयोग गराईनेछ ।
- ✓ आयमुलक, शिपमुलक, रोजगारमुलक र कार्यमुलक तालिम व्यवस्था गरी क्षताता अभिवृद्धि गर्ने ।
- ✓ महिला शसक्तिकरण शिक्षामा महिलाको पहुँच, महिला हिंसा शसक्तिकरण, अन्ध विश्वास रुढीवादी प्रथाका विरुद्धमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालग गर्ने ।
- ✓ महिला पुरुष सम विकास तालिम र आधारभूत तालिम, अनुशिक्षण महिलाई शहकारी संस्थामा आवद्ध गर्दै लैजाने ।
- ✓ जिल्ला समन्वय समिति, स्थानीय विकास कोष अन्तरगत साविकका गा.वि.स. हरुमा गठित सामुदायिक विकास कोष( गाउँ विकास कार्यक्रम) लाई एकिकृत गरी एकल सामुदायिक विकास कोषको रुपमा कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।
- ✓ विपन्न महिलासंग टेवा कार्यक्रम संचालन गरिनेछ ।
- ✓ विपन्न महिला टेवा कार्यक्रम संचालन गरी आर्थिक उपार्जन बृद्धि गरिनेछ ।
- ✓ हिंसा पिडीत, सुरक्षित आवास घर निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।
- ✓ विकासमा महिला सहभागितालाई जोड दिइनेछ ।
- ✓ एकल महिला कोषलाई निरन्तरता दिइनेछ ।
- ✓ महिलालाई नेतृत्व विकासको कार्याक्रम ल्याइनेछ ।

## ३. पूर्वाधार विकास

### (क) सडक नीति

- ✓ नगरपालिका भित्रका सडकलाई पर्यटकीय सडक, नगरस्तरीय, कृषिजन्य सडकको रूपमा विस्तार गर्नको लागि बजेट बिनियोजन गरिनेछ ।
- ✓ स-साना सडकहरूमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिइनेछ ।
- ✓ यसै आ.व.मा स्थानीय सडकहरू निर्माण गर्दा नगर यातायात गुरूयोजना निर्माण गरि त्यसले निर्दिष्ट गरेका सडकहरूमा मात्र लगानी गरिनेछ ।

- ✓ हालसम्म नगरभित्र कुनै पनि सडक कालोपत्रे, आरसीसी ढलान नगरिएकोले(मध्यपहाडी लोकमार्ग वाहेक) यसलाई उच्च प्राथमिकतामा राखेर कार्यक्रम तर्जुमा गरी नमुना सडक निर्माणको काम थालिनेछ ।
- ✓ पूर्वाधार निर्माणको गुणस्तरीयता यकिन गर्न निर्माण सामाग्रीहरूको परीक्षण, विस्तृत सर्वेक्षण, डिजाईन, सम्झौता लगायतका प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ नगरस्तरीय सडक निर्माणमा भौगालिक अवस्था हेरेर बाह्रै महिना यातायात संचालनको सुनिश्चिततामा जोड दिइनेछ ।
- ✓ स्थानीय सडकको निर्माण, मर्मत संचालन गर्न कामदार समूह र उपभोक्ता समितिहरूको क्षमता विकास गर्न विशेष जोड दिइनेछ ।
- ✓ ढुंगा, गिटी, वालुवा, माटो, स्लेट आदि खनिज जन्य पदार्थ संरक्षण, सम्वद्धन, उत्खलन र उपयोग सम्वन्धि कार्य दर्तागर्ने, अनुमति दिने, नविकरण र खारेजिगर्ने कार्य प्रभावकारी वनाईनेछ ।
- ✓ भौतिक पूर्वाधार तर्फ पाँच लाख भन्दा बढी लागतका सबै आयोजनाहरूको सामाजिक, आर्थिक, वातावरणीय एवं प्राविधिक पक्षका साथै लागत अनुमान नक्सा डिजाइनको लागि पूर्व संभाव्यता अध्ययन गर्ने कार्यको थालनी गरिनेछ ।
- ✓ आवधिक योजना निर्माण गरि समग्र विकासका क्षेत्रहरुको पहिचान गरिने छ ।
- ✓ सडकको स्तरोन्नतीमा ध्यान दिनु पर्ने
- ✓ नाली र मेशिनरी वाल सहितको सडक निर्माणमा जोड दिइने छ ।
- ✓ प्राविधिक स्टीमेटको आधारमा मात्र योजना सम्झौता गरिनेछ ।
- ✓ ग्रामिण सडक सन्जाल निर्माण तथा सिचाई आयोजनाहरू छनोट गर्दा कृषि पकेट क्षेत्रलाई आधार लिइनेछ ।
- ✓ नगर विकास कोष, सडक वोर्ड लगायतका साझेदारी संस्थाहरूसंगको सहकार्यमा नगर भित्रका उच्चतम प्राथमिकतामा परेका सडकहरूको स्तरोउन्नती गर्ने नीति अवलम्वन गरिइनेछ ।
- ✓ नगरभित्र रिङरोड तथा कोशी कोरीडोरको संभाव्यता अध्ययन गरेर सोही बमोजिम कार्य अगाडि बढाइनेछ ।
- ✓ सवै वडा कार्यालय सम्म पुग्ने सडकहरूलाई पक्कि सडकको रूपमा निर्माण तथा वडा कार्यालयबाट टोलहरूमा पनि अलवेदर सडकको रूपमा विस्तार गरिनेछ ।
- ✓ अन्तर जिल्ला तथा अन्तर स्थानिय तह जोडने सडकलाई उच्व प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ ।

**ख) भवन अन्य भौतिक पुर्वाधार**

- ✓ भुकम्प पछिको पुनःनिर्माणमा यस नगरपालिका भित्र प्राधिकरण र भुकम्प पिडित बिच भुकम्प प्रतिरोधि आवास निर्माण गर्ने सम्झौता भई पहिलो किस्ता रकम समेत भुकम्प पिडित घरधनिहरूले भुक्तानि लिई सकेको हुनाले उक्त आवास निर्माणमा अनियमिता रोक्नका लागि विशेष सर्तकता अपनाईनेछ ।
- ✓ भुकम्प प्रतिरोधि आवास निर्माण गर्नको लागी नगरपालिका बाट दक्ष डकर्मी तथा सिकर्मीहरू उत्पादन गर्दै प्राविधिक सहयोग गरिनेछ ।
- ✓ संघियलोकत्रान्त्रिक गणतज्त्र प्राप्तीको जनआन्दोलन २०६२/०६३ का सर्वोच्व नेता स्व. गिरिजा प्रसाद कोइरालाको सम्मानमा जि.पि. कोइराला समिक्षा भवन निर्माण गरिनेछ ।
- ✓ सहिद कर्ण वहादुर बस्नेत लगायत सम्पूर्ण सहिदको संझनामा सहिद पार्क निर्माण गरिनेछ ।
- ✓ नगरपालिकाको क्षेत्र भित्र उपलब्ध खानी तथा खनिज पदार्थको तथ्याङ्क संकलन, अभिलेख र उचित व्यववस्थापन कार्य अघिबढाईनेछ ।
- ✓ सम्भव भएसम्म हरेक संरचनालाई अपाङ्गमैत्री बनाउन जोड दिइनेछ ।
- ✓ एकिकृत बस्ती विकासको अवधारणलाई अवलम्वन गरिने नीति लिईनेछ ।

- ✓ नगरपालिकामा नगर स्तरीय एयरपोर्ट तथा वसपार्कको सम्भाव्यता अध्ययन गरि निर्माण कार्य अगाडि वढाईनेछ ।
- ✓ सार्वजनिक स्थानहरुमा आवश्यकताको आधारमा सार्वजनिक शौचालयको निर्माण गरिएने छ ।
- ✓ नगर प्रवेश गर्ने स्थानहरूमा प्रवेशद्वार निर्माण गरि आतिथ्यताको संस्कारको विकास गरिनेछ ।
- ✓ नगर क्षेत्र भित्र निर्माण हुने घर तथा संरचनालाई व्यवस्थित गर्न भवन निर्माण विनियम २०७४ निर्माण गरिसकेकोले नक्सापास ग**रेर**मात्र भवन निर्माण गरिनेछ ।
- ✓ नियम विपरित र सार्वजनिक स्थल मिचेर बनाइएका संरचनाहरूलाई हटाउने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।
- ✓ साझेदारीमा आयोजना संचालन गर्न उपभोक्ता समिति मार्फत समुदायमा पहल गरिने नीति लिइनेछ ।
- ✓ भुकम्पले पुऱ्याएको क्षति पश्चात राष्ट्रिय पुर्नःनिर्माण प्राधिकरण मार्फत हुदै गरेको पुर्ननिर्माणको कार्यलाई सहज, सरल र चुस्त बनाउने तर्फ विशेष योजना ल्याइने छ ।
- ✓ हाल पुर्नःनिर्माणको कार्यमा खटिई कार्यरत रहनु भएका प्राविधिकहरुको व्यवस्थापन समेत विशेष पहल गरी कार्यक्षमता अभिबृद्धिको कार्यक्रमहरु ल्याईनेछ ।
- ✓ गुनासो फाराम भरेका तर पिडितको नामावली सूचीमा नाम प्रकाशित नभएका,राहात रकम पाउन बाकी पिडितहरुको किस्ता वापत पाउँनु पर्ने रकम उपलब्ध गराउन राष्ट्रिय पुर्नःनिर्माण प्राधिकरणसँग समेत समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।

### (ग) विद्युत तथा वैकल्पिक उर्जा

- ✓ समग्र नगर क्षेत्रलाई उज्यालो नगरको रूपमा विकशित वनाउन एकमुष्ट वजेट विनियोजन गरि  वडा नं. ६ मंगलटारलाई उज्यालो वडा घोषणा गर्ने अन्तिम चरनमा पुगेको छ र अन्य वडा लाई पनि क्रमागत रुपमा उज्यालो वडा घोषणा गर्दै लगिनेछ ।
- ✓ सौर्य सडक वत्ति मार्फत नगरलाई उज्यालो वनाउन गत वर्षवाट थालनि गरिएको छ । यो कार्यक्रमलाई निरन्तरता दिईनेछ । वैकल्पिक ऊर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न गै. स. स. को सहयोगमा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।
- ✓ समुदाय मार्फत संचालित ग्रामिण विद्युतीकरण तथा केन्द्रीय विधुत लाईनलाई समायोजन गरिएको र यही वर्ष वडागत रूपमा विद्युत विस्तार गरिनेछ ।
- ✓ वैकल्पिक ऊर्जाको अवस्था, सम्भावना र अवसरहरूको व्यवस्थापन गर्नका लागि आवश्यक पहल गरिनेछ
- ✓ हलेसी तुवाचुङ नगरपालिकालाई धुवा रहित नगरपालिका बनाउनका लागि फलामे चुलो अनुदानमा वितरण गरिनेछ ।
- ✓ प्रार्थमिकताको आधारमा केही हदसम्म फलामे विद्युत पोलहरुको वितरण गरिनेछ ।
- ✓ विद्युत महसुल बुझाउन जिल्ला नै पुग्न पर्ने समस्यलाई मध्यनजर गर्दै हलेसीमा अस्थायी काउन्टर स्थापना गर्न पहल गरिनेछ ।
- ✓ विद्युत विस्तार गर्न नसकिने नगरपालिका विभिन्न वस्तीहरुमा निश्चित अनुदानमा सोलार वितारण कार्यक्रम सञ्चालन गरिनेछ ।

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन

### (क) विपद व्यवस्थापन तथा भुसंरक्षण

- ✓ नगर स्तरिय विपद व्यवस्थापन समिति गठन गरि सकिएको छ र नेपाल रेडक्रस सोसाईटी लगायत अन्य विभिन्न गैर सरकारी संस्थाहरूसंग समन्वय गरि विपद न्युनिकरण तथा विपद तयारी कार्यलाई प्रभावकारी बनाईनेछ ।
- ✓ नगर क्षेत्रमा हुनसक्ने प्रकोपलाई ध्यान दिई विपद प्रकोप व्यवस्थापन कोषको स्थापना गरीएको र निरन्तरतामा आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

- ✓ प्रकोपबाट समग्र नगरबासिको सुरक्षाको लागि समयमा प्रकोप सुचना प्रवाह तथा प्रकोप क्षेत्रमा समयमै उद्वार तथा राहत कार्यक्रम संचालनका लागि सम्पूर्ण नगरवासी युवाहरूलाई परिचालन गर्नु पर्ने महशुस गरी वजेट विनियोजन गरिएको छ ।
- ✓ सचेतनामुलक कार्यक्रमहरू संचालन गर्नका लागि गैर सरकारी संस्थाहरूसँग सहकार्य गर्दै जाने नीति अवलम्वन गरिएको छ ।
- ✓ दमकलमैत्री सडक संरचना निर्माणमा स्थानीय नगरवासीहरूसँग आवश्यक समन्वय गरिराखिएकोमा यसलाई मूर्त रूप दिन उचित पहल गरिनेछ ।
- ✓ विपद जोखिम न्यूनिकरणको लागि आवश्यक सामाहरु खरिद गरी नगरपालिकामा राखिने छ ।
- ✓ विपद जोखिम न्यूनिकरणको लागि नगर स्तरिय सुचना केन्द्र निर्माण गरिनेछ ।

**(ख) वन, वातावरण तथा जलवायु परिवर्तन**

- ✓ विभिन्न किसिमका जडिबुटी तथा फलफुलहरुको नर्सरी व्यावस्थापन गरिनेछ ।
- ✓ सडक निर्माण गर्दा दुवैतर्फ वृक्षरोपण गर्ने नीति लिइएको छ तथा Environment Management Plan (EMP) बनाई कार्यान्वयन गरिनेछ ।
- ✓ हलेसी तुवाचुङ नगरभित्र रहेका सयौं रोपनी सामुदायिक वनवाट आम नागरिकले आर्थिक उपार्जन गर्न नसकिरहेको अवस्थामा सामुदायिक वन उपभोक्ता समिति र महासंघसँग सहकार्य गर्दै वन क्षेत्रमा उत्पादन हुन सक्ने जडिबुटी उत्पादनको सम्भाव्यता अध्ययन गर्न माटो परिक्षण र जडिबुटी उत्पादन सम्बिन्धी विस्तृत अध्ययन गर्न पहल गरिनेछ ।
- ✓ वृक्षारोपण तथा भु-संरक्षण कार्य गर्दा साझेदारी गर्ने नीति लिइनेछ ।
- ✓ ठूला पुर्वाधार निर्माणका योजनाहरू संचालन गर्दा संम्भाब्यता अध्यायन गरेर मात्र योजना संचालन गरिनेछ ।
- ✓ जलवायु परिवर्तनबाट नगरपालिकामा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइने छ ।
- ✓ वन क्षेत्रलाई स्थानिय तहको आर्थिक स्रोतको प्रमुख आधार वनाउनको लागि आवश्यक नीति निर्माण तर्जुमा गरिनेछ ।
- ✓ वन व्यवस्थापन र उर्जा विकासलाई जोडि जैविक उर्जाको उत्पादन वृद्धि गरिनेछ ।
- ✓ नगरपालिकाले आफ्नो क्षेत्रको वन, जल, खनिज आदि प्रकृतिक स्रोतहरूको दोहन तथा उपयोगबाट प्राप्त आम्दानिको निस्चित हिस्सा प्राकृतिक स्रोत साधनको संरक्षण तथा वातावरणिय सचेतना कार्यक्रममा खर्च गरिनेछ ।
- ✓ स्थानिय वन, जंगल, जलस्रोत, तथा भुमिस्रोतको व्यवस्थापनमा स्थानिय समुदायलाई सहभागी गराउँदै खाद्य सुरक्षा, उर्जा सुरक्षा तथा जल संरक्षणको माध्यमले स्थानिय जनतामा आय अर्जन र रोजगारीको अवसर मिलाईनेछ ।
- ✓ जल, जमिन, जंगल, जडिबुटि र जलाधार भन्ने नारा लाई अनुसरण गर्दै यसलाई स्थानिय जनताको समृद्धिको आधार वनाईनेछ ।
- ✓ कृषिवालि एवं पशुधन वीमा कार्यक्रम संचालनमा ल्याईनेछ ।
- ✓ नगर क्षेत्र भित्र विभिन्न दुर्लभ वनस्पतीहरूको गार्डेन सहितको उद्यान निर्माण गरिनेछ ।
- ✓ वातावरणमैत्री विकास पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- ✓ हरित शहरको अवधारणा अनुरूप पार्क निर्माण, विकास र प्रबर्द्धनमा जोड दिइनेछ ।
- ✓ विश्व वातावरण दिवसको अवसरमा एक घर एक विरुवा रोप्ने  नीति ल्याइने छ ।

## ५. सुशासन तथा संस्थागत विकास

**(क) मानव संशाधन विकास**

- ✓ नगरक्षेत्र भित्र बसोबास गर्ने आर्थिक रूपले सक्रिय जनशक्तिलाई स्वरोजगार तर्फ उन्मूख गराउन घरेलु तथा साना उद्योग कार्यालय र अन्य शीप तथा व्यवसाय प्रबर्द्धन गर्ने निकायहरूसंग आवश्यक समन्वय र सहकार्य गरि विभिन्न सीपमुलक तालिम र कार्यक्रमहरू संचालन गरिनेछ ।
- ✓ नगरमा सञ्चालन हुने कार्यक्रमहरूमा प्रभावकारिता ल्याउनामा गै.स.स. को भुमिका थप प्रभावकारी बनाउने कार्य गरिनेछ
- ✓ स्थानिय तह सम्वन्धि कार्यसंचालन कार्यविधि, ऐन कानुन तथा प्रक्रियाको बारेमा नगर सभाका पदाधिकारीहरूलाई अभिमुखिकरण कार्यक्रम, प्राविधिक कर्मचारीहरूलाई कम्प्यूटर तालिम, लेखा प्रणालि सम्वन्धि तालिम, सामाजिक परिचालन तालिम तथा विभिन्न गोष्ठीहरू आयोजना गरि क्षमता विकास गरिनेछ ।
- ✓ स्थानिय तहको विकासलाई व्यवस्थित गर्न देश विदेशका उत्कृष्ट नगरपालिकाहरूको भ्रमण गरि सोको विकास नीतिहरूको अनुसरण गरिनेछ ।
- ✓ विशिष्ट विज्ञ तथा विशेषज्ञहरूलाई आमन्त्रण गरि विकासका लागी नीतिगत तथा प्रक्रियागत विषयमा विचार विमर्श गरि राय परामर्शको आधारमा योजनाहरू संचालन गरिनेछ ।
- ✓ नगरपालिका भित्रका बुद्धिजिवि, समाजसेवी र विषय विशेसज्ञ सहितको सल्लाहकार समूह गठन गरि नगरको समुचित विकासका लागि राय परामर्श लिईनेछ ।
- ✓ नगरपालिकाको सेवा वितरणलाई प्रभावकारी वनाउन तथा कर्मचारीको ज्ञान, सीप र क्षमताको विकास गर्नका लागि यसै आ.व. मा वजेट विनियोजन गरिएको छ ।
- ✓ नगरपालिकाको काम काज सहज र स्फूर्त गर्नका निमित्त यसै आ.व.मा पदपूर्ति समिति गठन गरी कर्मचारीहरू नियुक्ति गर्ने प्रक्रियाको थालनि गरिनेछ ।
- ✓ वैदेशिक रोजगार बाट सिप सिकेर फर्किएका व्यक्तिहरूको विवरण संकलन गरि सोहि अनुसारको कार्यवातावरण निर्माण गरिनेछ ।

**(ख) भाषा, साहित्य तथा कला संस्कृती**

- ✓ साहित्य, संगीत र कलालाई प्रवर्दन गर्न विभिन्न रचनात्मक कार्य गर्न निश्चित बजेट विनियोजन गरिएको छ र सोही बमोजिम कार्यक्रहरू गरिनेछ ।
- ✓ स्थानिय राई भाषा (चाम्लिङ, तिलुङ, बाहिङ, साम्पाङ, वाम्वुले आदि) र अन्य आदिवासी जनजातिहरुका भाषाहरूलाई सरकारी काम काजको भाषाको रूपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
- ✓ लोपउन्मुख तिलुङ भाषलाई संरक्षण तथा वर्णमाला निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- ✓ विभिन्न जात जातिका सांस्कृतिक पर्व, झांकी नाचहरूको संरक्षण तथा सम्वद्धन गर्न अभिलेखिकरण गरिनेछ ।
- ✓ किरातीहरूको भाषा, संस्कार, संस्कृतीको लागि अध्ययन अनुसन्धान गरि संस्कृतिक नगरपालिकाको रूपमा परिचित गराईनेछ ।
- ✓ किरातीहरुको भाषा, संस्कार संस्कृतिको संरक्षण एवं सम्बर्धनको लागि किरात राई यायोख्खा र आदिवासी जनजाति महासंघ संग समन्वय गरिनेछ ।
- ✓ हलेसीको साझा अवधारणा निर्माणलाई हलेसी गुरुयोजनामा समावेश गरिनेछ ।
- ✓ स्थानिय साहित्यकर्मी, नाट्यकर्मी, कलाकर्मीहरुको पहिचान गरि साहित्य एवं कलाको बिभिन्न कार्यक्रमहरु आयोजना गरिनेछ साथै कला केन्द्रहरु निर्माणको लागि पहल गरिनेछ ।
- ✓ नगरपालिकाको आवधिक योजना निर्माण गरि सोहि अनुसार कार्यक्रमहरू संचालन गरिनेछ ।
- ✓ किरात राई यायोख्खा र नेपाल आदिवासी महासंघको समन्वयमा तुवाचुङमा बृहत किराती सम्मेलन गरिनेछ ।

**(ग) सुशासन र संस्थागत विकास**

- ✓ हलेसी तुवाचुङ नगरपालिका कार्यालयबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक बडापत्र तयार गरी उक्त नागरिक बडापत्रमा उल्लेख भए अनुसारका सेवा समयमा नै उपलब्ध गराउन नगरपालिका प्रतिवद्ध रहने छ ।
- ✓ तीनलाख भन्दा माथिको सबै योजना नगरस्तरीय अनुगमनमा समितिको निरिक्षणमा मात्र योजना फारफाक गरिनेछ ।
- ✓ नगरपालिकाबाट संचालित गतिविधिको सन्दर्भमा चौमासिक सार्वजनिक सुनुवाई तथा बुलेटिन प्रकाशन गरिनेछ ।
- ✓ नगरपालिका मार्फत् सञ्चालन भएका विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदि मार्फत सुशासनमा जोड गरिनेछ ।
- ✓ कर्मचारी अनुशासन र नियमिततालाई ध्यानमा राखेर कर्मचारी लगबुकको व्यवस्था गरिएकोमा यस कार्यलाई निरन्तरता दिइनेछ ।
- ✓ सेवा प्रवाहमा हुन सक्ने मानवीय त्रुटिबाट सिर्जित गुनासोहरूलाई व्यवस्थापन गर्न गुनासो सुन्ने अधिकारी र कार्यालयको गतिविधि तथा सूचनाहरू सहज रूपमा उपलब्ध गराउन सूचना अधिकारीको व्यवस्थालाई सद्बृत बनाइनेछ ।
- ✓ कार्यालयको आन्तरिक समस्या समाधान तथा संस्थागत सुदृढीकरणको लागि नियमित नगर कार्य पालिकाको बैठक, मासिक कर्मचारी बैठक तथा नियमित वडा बैठक बसिदै आइएको छ र निरन्तरता दिइनेछ ।
- ✓ संगठनलाई प्रविधिमैत्री बनाउन इ-हाजिरि, डिजिटल सूचना पाटी, सीसी क्यामेरा, फ्रि वाईफाई, मोबाइल मल्टी चार्जर लगायतका सेवाहरूको व्यवस्था गरिनेछ ।
- ✓ बस्ती तथा टोलमा टोल विकास संस्था गठन गरी टोल स्तरीय विवाद निरूपण तथा सामाजिक कार्य संचालन गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
- ✓ हलेसी तुवाचुङ नगरपालिकाले वेभसाइट तथा सामाजिक सजांल संचालन गरी कार्यालयको सूचना तथा निर्णय र कार्यक्रमहरू सार्वजनिक गरिरहेको छ र निरन्तरता दिइनेछ ।
- ✓ विकास निर्माण र मर्मत कार्यको अनुगमन र मूल्याकंन कार्यलाई थप प्रभावकारी बनाउन नतिजामा आधारित अनुगमन प्रणाली अपनाइनेछ ।
- ✓ नगरपालिका भित्र रहेका विभिन्न व्यवसायिक फर्महरूको अनुगमन गरी गैर कानुनीरूपमा संचालनमा रहेका फर्महरूलाई कानुनी दायरामा ल्याई संचालन अनुमति तथा कार्वाहि प्रक्रिया अगाडी वढाईनेछ ।
- ✓ नगरपालिका भित्र रहेका होटलहरुलाई वर्गीकरण गरिने छ भने खाद्य सामाग्रीहरूको अनुगमन गरि समय सापेक्ष मूल्यसुचिमा एकरूपता एवं गुणस्तरियता कायम गरिनेछ ।
- ✓ नगरपालिकामा विकासका नाममा हुने भष्ट्रचार न्यूनिकरण गर्दै शून्यमा झारिनेछ ।
- ✓ सामान्य प्रकृतिका विवाद समाधान गर्न न्यायिक समितिमार्फत मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गरी न्यायिक निरूपणको कार्यलाई सुद्धढ तुल्याइनेछ ।
- ✓ विकास कार्यलाई गुणस्तरीय ढगंले समयमै सम्पन्न गर्न, पूजीगत खर्च वृद्धि गर्न, अनुगमन मूल्याकंन प्रभावकारी बनाउन, बजेट फ्रिज जाने समस्यालाई निराकरण गर्न चालू आ.व.मा नै योजना सम्झौता भन्ने मूल नारासहित योजना सम्झौता अभियान संचालन गरिनेछ ।
- ✓ सुरु मुल्याङकन, कार्य अवधि मुल्याङकन र कार्य पश्चातको मुल्याङकन प्रणालीलाई कडाईकासाथ लागु गर्ने नीति लिइनेछ ।
- ✓ डोजरे विकासलाई निरुत्साइत गरी जनश्रममा आधारित विकास कार्यलाई प्रोत्साहन गरिनेछ ।

**(घ) सूचना तथा सञ्चार**

- ✓ Less Paper Governance लाई उच्च प्राथमिकतामा राखी नगरपालिकाका अधिकांश कामकाज कम्प्युटर तथा इन्टरनेटद्वारा गर्ने र सबै वडामा चालु आर्थिक वर्षमै इन्टरनेट व्यवस्था गरिनेछ ।
- ✓ सूचना तथा सञ्चारको प्रवर्द्धन र विकास भएमात्र वास्तविक विकासको अनुभूति गर्न सकिन्छ । तसर्थ, यस नगरपालिकामा सूचना तथा सञ्चारको प्रवर्द्धन र विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- ✓ 'पत्रकारिता र विकास' भन्ने विकासको सिद्धान्त अवलम्बन गर्दै नगरपालिकाका प्रेस सल्लाहकार र लामो समयदेखि पत्रकारिता गर्दै आएका नगरपालिकाकै पत्रकारसँग समन्वयन गरी 'बेसिक' र 'एड्भान्स' पत्रकारिता तालिम गराइनेछ । नगरले सालिन्दा तीनपटकसम्म पत्रकारिता तालिम गराउनेछ ।
- ✓ नगरपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीयस्थललगायत विविध पाटाका फोटो समेटेर 'तस्बिरमा हलेसी-तुवाचुङ नगरपालिका' नामक किताब प्रकाशन गरिनेछ ।
- ✓ नगरपालिकालाई सूचना र प्रविधिमैत्री बनाउँदै नगरपालिकाको बुलेटिन तथा मुखपत्र नियमित रूपमा प्रकाशन थालिनेछ । निजी संघ-संस्था तथा व्यक्ति (नगरवासी) लाई पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- ✓ स्थानीय (हलेसी-तुवाचुङ नगरपालिका) स्तरमा सञ्चालित सञ्चार (पत्रपत्रिका, अनलाइन, एफएम रेडियो, टेलिभिजन) माध्यमलाई निरन्तर प्रकाशन/प्रसारणका लागि नगरपालिकाले लोककल्याणकारी विज्ञापन उपलब्ध गराउनेछ ।
- ✓ नगरवासीलाई केन्द्रबिन्दु बनाई छिटो, छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी रूपमा सूचना तथा सञ्चार प्रविधि प्रयोगमार्फत सर्वसुलभ रूपमा सेवासुविधा उपलब्ध गराइनेछ ।
- ✓ स्थानीय तहमा निर्वाचित पदाधिकारी तथा स्थानीय तहका कार्मचारीका लागि कम्प्युटर, इमेल, इन्टरनेट तथा मोबाइल एपसम्बन्धी तालिम दिई ज्ञान, सीप अभिवृद्धि गरिनेछ ।
- ✓ वडासचिव तथा वडा सहायकलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षासम्बन्धी तालिम व्यवस्था गरी सो कार्यक्रमलाई सरल र सहज बनाइनेछ ।
- ✓ एकीकृत सम्पत्तिकर तथा लेखाको कामकाज छिटो छरितो र प्रभावकारी बनाउन सफ्टवेयर प्रयोग गरिनेछ ।
- ✓ त्रिधार्मिक हलेसी क्षेत्रको पर्यटन पर्वद्धन तथा विकासका लागि वेबसाइट निर्माण गरी तुरुन्तै सञ्चालनमा ल्याइनेछ । हलेसीसम्बन्धी पुस्तक प्रकाशन गर्नुका साथै सूचना केन्द्र स्थापना गरिनेछ ।
- ✓ यस नगरपालिकाका सम्पूर्ण कार्यालय तथा विद्यालय इ-हाजिरीयुक्त साथै सि.सि.क्यामेरायुक्त बनाइनेछ ।

**(ङ) राजश्व तथा वित्तय व्यवस्था नीति** *'म तिर्छु कर, समृद्ध बनाउछु नगर'*

- ✓ समग्र नगरवासीलाई प्रभावकारी सेवा पुऱ्याउन तथा नगरक्षेत्रमा उपलब्ध हुनसक्ने सम्पूर्ण स्रोतहरूलाई परिचालन गर्नका लागि राजश्व परामर्श समितिको कार्य क्षेत्र विस्तार गरिएको छ ।
- ✓ नगरको राजश्व व्यबस्थालाई अझ सुदृढ र संस्थागत बनाउन राजश्व सम्भाव्यता अध्ययन गरी प्राप्त सुझावहरूलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ ।
- ✓ नगर भित्र भित्रने र बाहिरिने बिभिन्न सामाग्रीहरूको निकासि, पैठारी करको लागि जिल्ला समन्वय गरी नगरपालिकाको आर्थिक स्रोत बृद्धि गरिनेछ ।
- ✓ राजश्व सङ्कलनमा वृद्धि गर्नका लागि स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए बमोजिम यसै वर्षदेखि एकिकृत सम्पति कर लागू गर्न कार्यक्रमहरू संचालन गरिनेछ ।
- ✓ सवारी साधन कर, सवारी पार्किङ कर, मनोरन्जन कर, विज्ञापन कर, फोहोरमैला कर, एकीकृत सम्पत्ति कर, पर्यटन शुल्क यसै आ.व. देखि लागू गरिनेछ ।
- ✓ व्यवसायिक कर बढाउन व्यवसाय दर्ता अभियान कार्यक्रम संचालन गरिनेछ ।
- ✓ आन्तरिक आय अभिबृद्धि गर्ने कार्यमा महत्वपुर्ण भूमीका खेल्ने करदाताहरू मध्येबाट छनौट गरि पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ भने कर नतिर्नेलाई कानुनको दायरामा ल्याइनेछ ।

✓ आन्तरिक आम्दानी वृद्धिको लागि उद्योग वाणिज्य संघसँगको साझेदारीमा कार्यत्रलम सञ्चालन गर्नका लागि सम्झौता गरिने छ ।

✓ व्यावसायीहरुलाई करदाता शिक्षा कार्यक्रमको सञ्चालन गरिनेछ ।

**(च) युवा तथा खेलकुद -** *'नगरको लागि खेलकुद, विकासको लागि खेलकुद'*

✓ खेलकुद मार्फत स्वास्थ्य, अनुशासन र विकासको नारालाई अंगीकार गर्दै खेलकुदलाई व्यवसायिकता तर्फ उन्मुख गराउन तथा युवाहरूलाई प्रोत्सहान गर्न युवा तथा खेलकुदको लागि बजेट विनियोजन गरिने छ ।

✓ खेलकुदलाई जोड दिनको लागि कम्तिमा एक वडा एक खेल मैदानको निर्माणलाई निरन्तरता दिइ फुटबल, भलिबल, क्रिकेट, व्याटमिन्टन तथा कवडहलको निर्माण गरी कराँते, तेक्वान्दे, बक्सिङ जस्ता खेलको प्रवर्द्धन गर्ने नीति अगाडि बढाईनेछ ।

✓ युवाहरूलाई केन्द्रित गरेर नगरपालिका आफैले खेलकुद प्रतियोगिता संचालन गर्ने नीति लिइएको छ ।

✓ स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गरिनेछ ।

✓ खेलकूद विकासका लागि खेलकूदमा आबद्ध संस्थाहरूलाई क्रियाशील गरी खेलकूदलाई पर्यटनसंग आबद्ध गरी पर्यटन विकासमा जोड दिईनेछ ।

✓ खेल संस्कृतिको विकास गर्न विधालय स्तरबाटै विभिन्न खेलकुद कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

✓ नगरपालिकामा युवा उद्यमशिलालाई प्रवद्धन गर्न व्यावसायिक उद्यमीहरुको अनुदान कार्यविधि पास गरिएकोले सोही अनुसार अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

✓ युवाहरूलाई कुलत, दुव्यर्सनबाट बचाउन तथा सधैं उर्जाशील र सक्रिय बनाइ राख्न सुर्तीजन्य पदार्थ नियन्त्रण, कुलत तथा दुर्व्यसन विरोधी अभियान, मनोसामाजिक विमर्श, युवा विकाससंग सम्बन्धित खेलकूद, साहित्य, संगीत, कला जस्ता विविध क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

**सभाका सभाअध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अव म नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ को लागि संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान तथा आन्तरिक श्रोतको अनुमान र राजश्व बाँडफाँडबाट प्राप्त हुने बजेटको बारेमा यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु । कार्यक्रमहरूको बजेट निम्नानुसार रहेको छ ।

**आर्थिक वर्ष २०७५/७६ को कुल अनुमानित आय**

| क. सं. | विवरण | बजेट |
|---|---|---|
| १ | संघीय सरकार वित्तिय समानीकरण | १०३६००००० |
| | संघीय सरकार राजश्व बाडफाड | ८२३५०००० |
| | **जम्मा** | **१८५९५००००** |
| | संघीय सरकार सशर्त अनुदान | १८७०००००० |
| | कुल संघ बजेट | ३७२९५०००० |
| २ | प्रदेश सरकार वित्तिय समानीकरण | ३५३७००० |
| | प्रदेश सरकार राजश्व बाडफाड | ८८००००० |
| | **जम्मा** | **१२३३७०००** |
| | प्रदेश सरकार सशर्त अनुदान | ० |
| | कुल प्रदेश बजेट | १२३३७००० |
| ३ | आन्तरिक बजेट प्रक्षेपण | ६०००००० |

| | | |
|---|---|---|
| ४ | आन्तरिक राजश्व बाँडफाँड | १५००००० |
| ५ | बहुक्षेत्रिय पोषण | १४००००० |
| ६ | सामाजिक सुरक्षा | ५१०००००० |
| ७ | LGCDP | २५०००० |
| | **जम्मा** | **४४५४३७०००** |

## जम्मा चालु वजेट

| | |
|---|---|
| संघ तर्फको | ४६४८७५०० |
| प्रदेश तर्फको | ३०८४२५० |
| जम्मा चालु वजेट | ४९५७१७५० |

| **जम्मा पुंजिगत बजेट** | |
|---|---|
| **विवरण** | **बजेट** |
| संघिय पुंजिगत | १३९४६२५०० |
| प्रदेश पुंजिगत | ९२५२७५० |
| जम्मा बजेट | १४८७१५२५० |
| कन्टिन्जेन्सी | ४३८७५०० |
| जम्मा पुंजिगत | १४४३२७७५० |

| **विषय क्षेत्रगत वजेट विनियोजन पुजिगत तर्फको** | |
|---|---|
| आथिर्क विकास | ३०००००० |
| सामाजिक विकास | १८८५०००० |
| पुर्वाधार विकास | ७७४७७७५० |
| बन वातावरण तथा विपद व्यवस्थापन | ९०००००० |
| सुशासन तथा संस्थागत विकास | ९०००००० |

**१४४३२७७५०**

| **आथिर्क विकास** | ३०००००० |
|---|---|
| क) नगरलाई | २०००००० |
| ख) वडालाई | १०००००० |

| | |
|---|---|
| **सामाजिक विकास** | **१८८५००००** |
| क) नगरलाई | १०२५१००० |
| ख) वडालाई | ८५९९००० |
| **पुर्वाधार विकास** | ७७४७७७५० |
| क) नगरलाई | ३७४७७७५० |
| ख) वडालाई | ४०००००० |
| **बन वातावरण तथा विपद व्यवस्थापन** | ९०००००० |
| **सुशासन तथा संस्थागत विकास** | ९०००००० |

**१४४३२७७५०**

| | |
|---|---|
| वडालाई जम्मा वजेट | ५८५९९००० |
| नगरलाई जम्मा पुजिगत वजेट | ८५७२८७५० |

**१४४३२७७५०**

## नगर स्तरिय योजना ०७५□०७६

| क.सं. | **विवरण** | **वजेट** |
|---|---|---|
| १ | सडक | १५०००००० |
| २ | पर्यटन | ७०००००० |
| ३ | खानेपानी तथा सिचाइ | १०००००० |
| ५ | युवा उद्यमी | ५०००००० |
| ६ | भवन निर्माण | ४०००००० |
| ७ | खेलकुद | १०००००० |
| ८ | महिला बालबालिका | ४०००००० |
| ९ | दलित | १०००००० |
| १० | जेष्ठ नागरिक अपांग | १०००००० |
| ११ | एकल महिला | ६००००० |
| १२ | समपुरक | १२०००००० |
| १३ | गम्भीर प्रकृतिको रोग | ३००००० |
| १४ | एम टि एम पि | १०००००० |
| १५ | आवधिक योजना | ५००००० |
| १६ | नगर प्रोफाइल | ११००००० |
| १७ | शिक्षा | १४००००० |
| १८ | स्वास्थ्य | ४०००००० |
| १९ | पशु र कृषि | १०००००००० |
| २० | वन वातावरण विपद व्यवस्थापन | ३००००० |
| २१ | आयुर्वेद | ७२८७५० |

| | | |
|---|---|---|
| २२ | आ. ज. लोकसेवा तयारी कक्षा | ३००००० |
| २३ | विद्युत | १०००००००० |
| २४ | भाषा र साहित्य | ५००००० |
| २५ | मर्मत संभार | ४०००००० |
| जम्मा | | **८५७२८७५०** |

## वडागत बजेट विनियोजन

| वडा नं. | वजेट |
|---:|---:|
| १ | ६१९९००० |
| २ | ४६००००० |
| ३ | ५०००००० |
| ४ | ५०००००० |
| ५ | ४७००००० |
| ६ | ४८००००० |
| ७ | ५६००००० |
| ८ | ५५००००० |
| ९ | ५६००००० |
| १० | ५५००००० |
| ११ | ६१००००० |
| जम्मा | **५८५९९०००** |

अब म नगरको कूल पुजिगत बजेट रू. **१४४३२७७५०** लाई विषयगत क्षेत्रगत रूपमा गरिएको विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

| क.सं. | विवरण | वडागत रकम | नगर रकम | जम्मा |
|---:|---|---:|---:|---:|
| १ | पशु र कृषि | ३९१९००० | १०००००००० | १३९१९००० |
| २ | खानेपानी तथा सिंचाई | ६१९४२२० | १०००००० | ७१९४२२० |
| ३ | दलित | ५८००००० | १०००००० | १५८००००० |
| ४ | विद्युत | ११८००००० | १०००००००० | १११८००००० |
| ५ | संस्कृति तथा पर्यटन | २५२००००० | ७०००००० | ९५२००००० |
| ६ | वैदेसिक | ४१५८२० | ० | ४१५८२० |
| ७ | खेलखुद | १९६०००० | १०००००० | २९६०००० |
| ८ | शिक्षा | २६५०००० | १४००००० | ४०५०००० |
| ९ | सडक | ३०७०५००० | १५०००००० | ४५७०५००० |
| १० | स्वस्थ्य | १८७५००० | ४०००००० | ५८७५००० |
| ११ | महिला तथा बालबालिका | १६८३००० | ४०००००० | ५६८३००० |
| १२ | जेष्ठ र अपांग | ६५०००० | १०००००० | १६५०००० |
| १३ | वन तथा वातावरण | १९७६१४० | ३००००० | २२७६१४० |
| १४ | जनजाति | ९५०००० | ३००००० | १२५०००० |

| | | | | |
|---|---|---|---|---|
| १५ | युवा उद्यमी | १०४०८२० | ५०००००० | ६०४०८२० |
| १६ | भाषा र साहित्य | ३००००० | ५००००० | ८००००० |
| १७ | भवन निर्माण | ० | ४०००००० | ४०००००० |
| १८ | एकल महिला | ० | ६००००० | ६००००० |
| १९ | समपुरक | ० | १२०००००० | १२०००००० |
| २० | गम्भीर प्रकृतिको रोग | ० | ३००००० | ३००००० |
| २१ | एम.टि. एम.पि. | ० | १०००००० | १०००००० |
| २२ | आवधिक योजना | ० | ५००००० | ५००००० |
| २३ | नगर प्रोफइल | ० | ११००००० | ११००००० |
| २४ | आयुर्वेद | ० | ७२८७५० | ७२८७५० |
| २५ | मर्मत संभार | ० | ४०००००० | ४०००००० |
| | जम्मा | **५८५९९०००** | **८५७२८७५०** | **१४४३२७७५०** |

**उपस्थित महानुभावहरू, नगरवासी दिदी वहिनी तथा दाजुभाइहरू,**

प्रस्तुत वजेट तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि मञ्चमा आसिन हुनु भएका उपस्थित सम्पूर्ण महानुभावहरूको महत्वपूर्ण सल्लाह र सुझावको खाँचो सदैव रहनेछ । साथै यस नगरपालिकाको वहुआयमिक विकास गरी सवल, सक्षम, आत्मनिर्भर र समृद्ध वनाउनको लागि समुहिक प्रयास हुनु जरूरी छ । यसको पुर्ण कार्यान्वयनको लागि राजनैतिक दलहरू, नागरिक समाज, संचारकर्मीहरू, सेवाग्राही नागरिकहरू लगायत सम्वद्ध सवै पक्षवाट पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

माथि प्रस्तुत गरिएका बजेट विनियोजनमा आन्तरिक श्रोतहरूबाट प्राप्त हुने बजेटको विनियोजन नगर कार्यपालिकाको बैठकबट निर्णय गरि आवश्यकतानुसार कार्यक्रम तथा योजना संचालन गरिनेछ । विभिन्न गैर सरकारी संस्थाहरूले यस नगरपालिका भित्र आफ्ना कार्यक्रम तथा योजना संचलन अनुमति माग गरेकोमा यस नगरपालिकाको मातहतमा रहि कार्यक्रम संचालनको अनुमति दिईएको जानकारी गराउन चाहान्छु ।

साथै हलेसी तुवाचुङ नगरपालिकाको विकासको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय एवं विषयगत मन्त्रालय तथा विभागहरू र दातृ निकायहरूलाई सहयोगको लागि धन्यवाद दिदै आगामी दिनहरूमा यो दस्तावेजलाई कार्यान्वयन गर्नका लागि सहयोगी हातहरू अगाडी वढीरहनेछ भन्ने अपेक्षा राखेको छु ।

आफ्नो व्यस्त समयका वावजुद नगरपालिकाको भावी रूपरेखा निर्धारण गर्ने नगर परिषद्को वार्षिक वजेट नीति तथा कार्यक्रम सार्वजनिकीकरण समारोहमा पाल्नु भै यस समारोहको गरिमा वढाई दिनु भएकोमा प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, अतिथिज्यूहरू लगायत सम्पूर्ण उपस्थित महानुभावहरूमा हलेसी तुवाचुङ नगरपालिका परिवारको तर्फवाट हार्दिक आभार व्यक्त गर्दै कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

प्रस्तुत नीति वजेट तथा कार्यक्रम तर्जुमा तथा पारित सम्पूर्ण प्रक्रियाहरूमा सहभागी भई योगदान पुर्‍याउनु हुने यस नगरपालिकाका सवै राजनैतिक दलहरूका प्रमुख एवं प्रतिनिधिज्यूहरू, कार्यालय प्रमुखहरू, संघ/संस्थाका

प्रमुखहरू, नगरपालिकाका कर्मचारीहरू तथा कार्यक्रम व्यवस्थापनमा सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारी नगर सभाका सदस्य साथीहरूलाई धन्यवाद दिन चाहान्छु ।
अन्त्यमा

*आर्थिक समृद्धिका लागि त्रिधार्मिक नगर,*
*कृषिपर्यटन र शिक्षा विकासको आधार ,*

भन्ने नारालाई मूर्त रूप दिन यो नीति, वजेट र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन अनिवार्य छ जसको लागि सदा झै सवै पक्ष र निकायहरूवाट सहयोग, सल्लाह र सहकार्य पाउने र हुने आशा र अपेक्षा गर्दै विदा हुन चाहान्छु ।
धन्यवाद ।

विमला राई

**उप-प्रमुख**

२०७५/०३/२९